# भक्तपुरको पशुपति महाविहार : एक सांस्कृतिक अध्ययन

## १.१ शोध परिचय :

सांस्कृतिक सम्पदा नै वास्तवमा समाज तथा देशको सम्पत्ति हो । यस प्रकारका सम्पदाहरुले देशको संस्कृति, सभ्यता र समाजको संस्कारहरूको परिचय दिन्छ । त्यसकारण सम्पदा नै देशको ऐना हो । अतः नेपाल जस्तो बहुधार्मिक र बहुजातीय देशमा आ-आफ्नै संस्कृति, संस्कार तथा रीति रिवाजहरु छन् । त्यसैले यहाँ कलात्मक मठ मन्दिरहरू र विहारहरू धेरै नै छन् । मठ मन्दिरहरू हिन्दू धर्मावलम्वीहरुको आराध्यस्थल हुन् भने विहारहरू बौद्धधर्मावलम्वीहरुको आराध्यस्थल हुन् । हजारौं वर्षदेखि यस प्रकारका कलात्मक मठ मन्दिरहरू र विहारहरू रहेका कारणले गर्दा नै विदेशी यात्रुहरुले समेत आफ्नो यात्रा वृतान्तमा यसको विशेष चर्चा गर्ने गर्दछन् ।

विहार बौद्ध भिक्षुहरूको बस्ने वासस्थान हो । तर काठमाडौं उपत्यकामा रहेका परम्परागत विहारहरुको सन्दर्भमा भन्नुपर्दा यहाँ बौद्धभिक्षुहरु बस्ने स्थान नभई बौद्ध आचार्य तथा गुरुहरु बस्ने स्थानको रुपमा चिनिन्छ । यस प्रकारका विहारहरुलाई यहाँ बहाः र बही भनिन्छ । यस प्रकारका बाहाःहरु हजारौं वर्षदेखि रहेको कुरा यहाँका अभिलेखहरुले पुष्टि गर्दछन् । यस्तै विहारहरुमा पूर्व मध्यकालमा निर्मित भक्तपुर नगरमा रहेको पशुपति महाविहार पनि एक हो । भक्तपुर नगर भित्र हाल रहेका विभिन्न विहारहरु मध्ये पुरानो विहारको रुपमा रहेको यस विहारको पूर्व स्वरुप हराई सकेको भएतापनि यहाँको सम्पदाहरु, संस्कृति तथा संघ परम्परा राम्रोसंग सुचारु रुपले चन्दै आएको देखिन्छ । त्यसैले यस विहारका धार्मिक तथा सांस्कृतिक पक्षलाई ध्यानमा राखेर “भक्तपुरको पशुपति महाविहार : एक अध्ययन” शोधशीर्षक अन्तर्गत अनुसन्धान गरिएको छ ।

## १.२ समस्या कथन :

काठमाण्डौं उपत्यकामा रहेका विभिन्न महाविहारहरु मध्ये पशुपति महाविहार भक्तपुर नगरको एक पुरानो महाविहार हो । यस महाविहारमा रहेका अनुपम र दर्शनिय कलाकृतिहरु रहेका छन् । तर पनि यसबारे आजसम्म कुनै विस्तृत रुपमा अध्ययन अनुसन्धान भएको पाईदैन । यद्यपि यस महाविहारबारे केहि विद्वानहरुले सामान्य रुपमा जानकारी दिईसकेको छन् ।

१) पशुपती महाविहारको स्थापनाको ऐतिहासिक खोजी नहुनु ।

२) पशुपति महाविहारको धार्मिक र साँस्कृतिक पक्षको अध्ययन नहुनु ।

३) पशुपति महाविहारको कला वास्तुकलाको अध्ययन नहुनु ।

## १.३ उद्देश्य :

क) भक्तपुर नगरभित्रका बाहाःबहीहरुको स्थापनाको सन्दर्भसहित पशुपती महाविहार स्थापनाको ऐतिहासिकता खोजी गर्नु ।

ख) पशुपति महाविहारको धार्मिक र सांस्कृतिक पक्षको अध्ययन गर्नु ।

ग) पशुपति महाविहारको कला वास्तुकलाको अध्ययन गर्नु ।

## १.४ शोधकार्यको महत्व :

हालसम्म पशुपति महाविहारका विविध पक्षको विस्तृत अध्ययन तथा अनुसन्धान हुन सकेको छैन । यस महाविहारको धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षणको लागि यस महाविहारका विविध पक्षबारे अध्ययन अनुसन्धान गर्न निकै महत्वपूर्ण रहेको छ । यस प्रकारको अध्ययन तथा अनुसन्धानबाट यस विषयका जिज्ञासु तथा विशेषज्ञहरुलाई ठूलो सहयोग हुन जाने छ । यसबाट सो महाविहारको मर्मत सम्भारकार्यका लागि अल्पकालिन तथा दीर्घकालिन योजनाहरु बनाई सो विहार संरक्षण गर्ने जसता कार्यहरुको लागि समेत मद्दत पुग्ने देखिएको हुँदा यसको धेरै महत्व रहेको छ ।

## १.५ पूर्व साहित्य समीक्षा

पशुपति महाविहारको विषयमा विभिन्न पुस्तकहरुमा सामान्य चर्चा मात्र भएको पाइन्छ । त्यसरी चर्चा गरेतापनि विहारको नाम गलत रुपले प्रस्तुत गरेको पाईन्छ । यस महाविहारको ऐतिहासिकता तथा प्राचीनता, दैनिक, मासिक तथा वार्षिक क्रियाकलापका पूजा-आजा, जात्रापर्व इत्यादि विषयबारे विस्तृत रुपमा प्रकाश पारेको देखिंदैन । त्यसैले यस विहारको सम्बन्धमा प्रकाशित स्वदेशी तथा विदेशी पुस्तकहरूमा निम्नानुसारका विवरणहरू उल्लेख गरिएको पाईन्छ ।

पशुपति महाविहारबारे लेखिएका सबभन्दा पहिलो पुस्तक वि.सं. २०१४ सालमा हेमराज शाक्यले लेख्नु भएको "नेपाल बौद्ध विहार व ग्रन्थ सूचि" पुस्तक धर्मोदय सभा काठमाण्डौंबाट प्रकाशन गरिएको हो । प्रस्तुत पुस्तकमा लेखकज्यूले काठमाण्डौं उपत्यकामा भएका विहारहरु र प्रमुख बौद्ध संस्कृत ग्रन्थहरुको सूचिमात्रै दिइएका छन् । त्यस क्रममा भक्तपुरको बाहाहरुको सूचिमा पशुपति महाविहारको नाम प्रशन्नशील महाविहार र अजाजुद्यो बाहा भनेर सूचिकृत गर्नु भएको छ ।

पशुपति महाविहारबारे संक्षिप्त विवरण लेखिएको पहिलो पुस्तक वि.सं. २०२८ सालमा सम्यक रत्न बज्राचार्यले लेख्नु भएको "ख्वपदे बहाबहीया संक्षिप्त परिचय" पुस्तक भक्तपुरका धर्म पासापिं (साथीहरु)को सहयोगमा प्रकाशन गरिएको हो । प्रस्तुत पुस्तकमा प्रशन्नशील महाविहार भनि उल्लेख गरिएको पशुपति महाविहार भक्तपुर नगरको सबैभन्दा पुरानो महाविहार रहेको र यस महाविहारसंगै दीपंकर विहार रहेको र त्यहाँ दीपंकर बुद्धको मूर्ति राखिएको उल्लेख गरि त्यसको कला पक्ष विषयमा संक्षिप्त जानकारी दिईएको पाईन्छ ।

पशुपति महाविहारबारे लेखिएको अर्को पुस्तक वि.सं. २०२८ सालमा रत्नकाजी बज्राचार्य र विजयरत्न बज्राचार्यद्वारा संयुक्त रुपमा लेखिएको "नेपाःदेया विहारया ताःचा" लेखक रत्न काजि बज्राचार्य स्वयमले काठमाण्डौंबाट प्रकाशन गरिएको हो , प्रस्तुत पुस्तकमा लेखकद्वयले पशुपति महाविहारलाई प्रशन्नशील महाविहार भनि उल्लेख गरि सो विहारसंगै रहेको ननीलाई पनि दीपंकर विहार र आदिबुद्ध विहार भनेर उल्लेख गर्नु भएको पाईन्छ ।

पशुपति महाविहारबारे अनुसन्धान गरि ई.सं. १९८३ (वि.सं. २०२८) सालमा जोन के. लकद्वारा लेखिएको "बुद्धिष्ट मोनाष्ट्रिज अफ् नेपाल : ए सर्वे अफ् दि बाहा एण्ड बहील अफ् दि काठमाण्डू भ्याली" सहयोगी प्रकाशन काठमाण्डौंबाट प्रकाशित गरिएको हो । प्रस्तुत पुस्तकमा लेखकले पशुपति महाविहारलाई पशुबाहाको रुपमा प्रस्तुत गर्नु भई यस विहारको ऐतिहासिक पक्ष तथा यहाँ रहेका सम्पदाहरु लगायत केहि अभिलेख बारे प्रकाश पार्नु भएको छ । वहाँले पनि प्रशन्नशील महाविहारको एक ननिको रुपमा रहेको देवननिलाई एक छुट्टै विहारको रुपमा दीपंकर विहार भनि उल्लेख गर्नु भएको छ । साथै वहाँले यस विहारमा रहेको भक्तपुरको कुमारीको विषयमा पनि संक्षिप्त रुपमा चर्चा गर्नु भएको छ ।

पशुपति महाविहारबारे वि.सं. २०५६ सालमा सुरेश ज्योति शाक्यले लेख्नु भएको अर्को अनुसन्धान गरि लेखिएको "ख्वपदेया विहार बहीया जातः" पुस्तक कुत : पिकाक भक्तपुरबाट प्रकाशन गरिएको हो । प्रस्तुत पुस्तकमा लेखकले पशुपति महाविहारभनि यसको मूल नाम नै प्रस्तुत गर्नु भएको छ । यस विहारको ऐतिहासिक पक्ष तथा यस विहारमा रहेका सम्पदाहरु लगायत विभिन्न अभिलेख बारे संक्षिप्त रुपले प्रकाश पार्नु भएको छ । वहाँले पनि यस महाविहारको एक ननिको रुपमा रहेको दीपंकर ननिलाई एक छुट्टै विहारको रुपमा प्रस्तुत गर्नु भएको छ ।

पशुपति महाविहारबारे सबैभन्दा पछिल्लो समय वि.सं. २०६० सालमा भद्ररत्न बज्राचार्यद्वारा संपादित अनुसन्धानात्मक पुस्तक "ख्वपया बहाःबही छगु अध्ययन" मैत्रेय युवा संघ भक्तपुरबाट प्रकाशन गरिएको हो । प्रस्तुत पुस्तकमा पशुपति महाविहारको ऐतिहासिकता, संस्कृति तथा परम्पराको चर्चा गर्ने क्रममा यहाँ गरि आएका पूजा-आजा आदि विषयमा संक्षिप्त उल्लेख गरिनु का साथै यहाँका सम्पदाहरु र यस महाविहारसित सम्बन्धित विभिन्न अभिलेखहरु राखिएको पाईन्छ ।

यसरी पूर्व साहित्यमा लेखकहरुमा आभार व्यक्त गर्दछु । वहाँहरुको साहित्यको अध्ययनबाट यस महाविहारको अध्ययनमा निकै टेवा मिल्दछ । तर पशुपति महाविहारबारे विस्तृत अनुसन्धान गरी छुट्टै ग्रन्थ भने प्रकाशनमा आइसकेको छैन । अतः भक्तपुर नगरको एक महत्वपूर्ण महाविहारको रुपमा रहेको यस पशुपति महाविहारको बिबिध पक्षलाई समेटेर "भक्तपुरको पशुपति महाविहार : एक सांस्कृतिक अध्ययन" शिर्षकमा अनुसन्धान गर्ने लक्ष्य राखिएको हो ।

## १.६ शोधकार्यको सीमा

भौगोलिक सीमा :

भक्तपुर नगरपालिका भित्र रहेका अन्य विहारहरुको तुलनात्मक अध्ययन नगरि वडा नं. १० क्वाठण्डौ टोलमा रहेको पशुपति महाविहार मात्रै अध्ययन गरिएको छ ।

विषयगत सीमा :

प्रस्तुत शोधकार्य भक्तपुरको पशुपती महाविहारमा केन्द्रित गरेर त्यसको ऐतिहासिकता, विहारको संगठन तथा स्वरुप, त्यहाँ गरिने पूजा पद्धति तथा त्यहाँ रहेका धार्मिक, सांस्कृतिक सम्पदाहरूमा मात्रै सीमित गरिएको छ । यसबाहेक अन्य अध्ययन गरिएको छैन । यसक्रममा आबश्यकता भएमा अन्य विहारहरू बारे सान्दर्भिक ठाउँमा चर्चा गरिएको छ ।

## १.७ अनुसन्धान विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि निम्नानुसार अनुसन्धान प्रकृया अपनाईएको छ ।

१. तथ्य संकलन विधि :

क) प्राथमिक श्रोत :

प्रस्तुत शोधकार्यमा प्राथमिक श्रोतको रुपमा स्थलगत भ्रमण गरि पशुपती महाविहारको अवलोकन गरि श्रोत सामग्रीकोरुपमा प्राप्त अभिलेख संकलन गरिनुका साथै त्यस महाविहारका संघ सदश्यहरुसंग आवश्यक अन्तरवार्ता र आवश्यकतानुसारको तस्विरहरु संकलन गरिएको छ ।

ख) द्वितिय श्रोत :

यस श्रोत अन्तर्गत पशुपती महाविहार बारे सरकारी एवं विभिन्न संघ संस्था लगायत व्यक्तिगत रुपमा प्रकाशीत पुस्तक, लेख रचना आदि अध्ययन गरि श्रोत संकलन गरिएको छ ।

त्यसको आधारमा यो शोधकार्य विश्लेषण गरी विवरण तयार गरिएको छ ।

२. तथ्य विश्लेषण र लेखन विधि :

प्रस्तुत शोधकार्यकोक्रममा संकलित सबै श्रोत सामग्रीहरुलाई विषय अनुसार क्रमवद्ध तरिकाले वर्णन गरि आवश्यकतानुसार त्यस्ता विषय वस्तुको व्याख्या गरि विभागले निर्धारण गरिएको ढाँचामा प्रतिवेदन लेखन कार्य सम्पन्न गरिएको छ ।

## १.८ अध्याय विभाजन

प्रस्तुत शोधपत्रलाई ६ अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायमा मूल शिर्षक र आबश्यक अनुसार उपशिर्षक सहित चर्चा गरिएको छ ।

**क) अध्याय एक : परिचय खण्ड**

यस अध्यायमा परिचय, समस्या कथन, उद्देश्य, महत्व, अध्ययनको सीमा, पूर्व साहित्य समीक्षा र अनुसन्धान विधि बारे चचए गरिएको छ ।

**ख) अध्याय दुई : बौद्धधर्ममा बहाल बहील निर्माण परम्परा**

यस अध्यायमा विहारको अर्थ, प्रादुर्भाव र नेपालमा बहाल बहीलको परम्पराको चर्चा गरिएको छ ।

**ग) अध्याय तीन : भक्तपुरका महाविहारहरुको ऐतिहासिकता**

यस अध्यायमा भक्तपुरका महाविहारहरु विषयमा चर्चा गर्दै पशुपति महाविहारको चर्चा गरिएको छ ।

**घ) अध्याय चार : पशुपति महाविहारको धार्मिक तथा सांस्कृतिक**

यस अध्यायमा पशुपति महाविहारको स्थापना र स्वरुपका साथै संघको गतिविधि लगायत विहारमा गरिने दैनिक पूजा-आजा र जात्रापर्व आदि धार्मिक तथा सांस्कृतिक पर्वहरुका साथै यस विहारमा अवस्थित कुमारी प्रथाको विषयमा चर्चा गरिएको छ ।

**ङ) अध्याय पँच : पशुपति महाविहारको कला एवं वास्तुकला**

यस अध्यायमा पशुपति महाविहारभित्र रहेका स्तूप तथा चैत्य, विभिन्न देव देवताहरुको मूर्तिको विवरण, तोरण, टुँडाल आदि सबै सम्पदाहरु विषयमा चर्चा गरिएको छ ।

**च) अध्याय छ : सारांश**

यस अध्यायमा सबै अध्ययनको उपसंहार रहने छ । अन्तमा शोधपत्र विषयको सन्दर्भ ग्रन्थसूचि, चित्र अनुसूचि, अभिलेख अनुसूचि आदि प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# बौद्धधर्ममा बहाल बहील निर्माण परम्परा

## २.१ विहारको साधारण अर्थ :

विहार शव्दको अर्थ गर्नु पर्दा स्थान तथा सन्दर्भबाट यसको विभिन्न अर्थ हुने देखिन्छ । कुनै सन्दर्भमा विहार शव्दले मनोरञ्जन गर्ने अर्थ बुझाउँछ । जस्तै जल विहार गर्नु , नौका विहार गर्नु र वन विहार गर्नु आदि । यी माथि उल्लेखित वाक्यबाट क्रमश पोखरी/खोलामा पौडी खेलेर मनोरञ्जन गर्ने, नौका अर्थात् कुनै डुङ्गामा बसेर घुम्ने र जंगलमा घुम्ने भन्ने अर्थ लाग्छ । त्यस्तै नै यो विहार गर्नु शव्दले ध्यान गर्ने चित्त कुनै एक अवस्थामा प्रतिष्ठित गर्ने भन्ने अर्थमा पनि प्रयो ग भएको पाईन्छ । जस्तो कि शून्य विहार गर्नु भनेको आफ्नो चित्तलाई शुन्यतामा प्रतिष्ठित गराई राख्नु र चतुर्ब्रम्ह विहारमा बस्नु भनेको चित्तलाई मैत्री, करुणा, मुदिता र उपेक्षादि अवस्थामा प्रतिष्ठित गर्नु भन्ने अर्थ लाग्छ ।

## २.२ बौद्धधर्ममा विहारको निर्माण प्रशंग :

शाक्यमुनि बुद्धको धर्मचक्र प्रवर्तन पछि वहाँका धेरै अनुयायीहरु वृद्धि हुँदै गएको थियो । त्यसरी अनुयायीहरु बढ्दै गए अनुसार वहाँहरुलाई बसाउने कुनै निश्चित स्थान नभएको हुनाले ती भिक्षुहरु जंगल, वृक्षमुनि, पर्वत, कन्दरा, गिरिगुहा, स्मशान, वनप्रस्थ चौले(मैदान) तथा पुञालगंज आदि स्थानमा बस्न थाले । त्यो देखेर राजगृहका एक श्रेष्ठीले तिनिहरुको वसोवास गर्ने स्थल अर्थात् विहार बनाइ भिक्षुसंघलाई दान गर्ने ईच्छा बुद्धको सामु राख्न लगाए (भिक्षु, ई.सं.१९७९, पृ.२३७)। वहाँको प्रस्तावलाई बुद्धले "अनुजानामि, भिक्खवे, पञ्च लेणानि - विहारं, अड्ढयोगं, प्रासादं, हम्मियं, गुहान्ति" अर्थात् निम्न पाँच प्रकारका लयनहरु अर्थात् निवास स्थानहरुको अनुमति प्रदान गर्नु भएको थियो । ति पाँच प्रकारका वसोवास गर्ने स्थलहरुको अर्थ निम्नानुसारका हुन् ।

(१) विहार : विभिन्न कुटीहरु बनाईएको क्षेत्र ।

(२) अड्ढयोग : गरुड जस्तै टेढो घर

(३) प्रासाद : लामो खालको दुई तल्ले भवन

(४) हर्म्य : आकाशमाथि उथाएर बनाएको प्रासाद

(५) गुफा : ईंटको गुफा, माटोको गुफा, काठको गुफा र शीलाको गुफा

विहार निर्माण गरि बुद्ध प्रमुख भिक्षुसंघलाई दान दिएपछि बुद्धले विहार दानको प्रशंसा गरि सो दानबाट अव उप्रान्त भिक्षुहरुको सुरक्षा भएको र दातालाई निर्वाण लाभ हुनेछ भनि दानको अनुमोदन गरेर निम्न श्लोक भन्नु भएको थियो ।

" सीतं उण्हं पटिहन्ति ततो बालभिगानि च ।
सरीसपे च मकसे सिसिरे चा पिं वट्ठियो ॥
ततो वातातपो घोरो सञ्जातो परिहञ्ञति ।
लेणत्थं च सुखत्थं च झापितुं च विपस्सि तुं ॥
विहार दानं सङ्घस्य अग्गबुद्धेन वण्णितं ।
तस्माहि पण्डितो पोसो सम्पस्सं अत्थमतनो ॥
विहारे कारये सम्मे वासयत्थ बहुस्सुते ।
तेसं अन्नं च पानं च वत्थसेनासनानि च ।
ददेय्य उजुभूतेसु विप्पसन्नेन चेतसा ॥
ते तस्स धम्मं देसेन्ति सब्बदुक्खपनूदनं ।
यं सो धम्मं इधञ्ञाय परिनिब्बबानी अनासवा' ति ॥" (भिक्षु, ई.सं.१९७९, पृ.२३९)

अर्थात् विहारको निर्माण भएबाट भिक्षुहरुलाई जाडो र गर्मी मौसमबाट बच्न, हिंसक/क्रुर जनावरहरुबाट बच्न, सर्प, बिच्छी लगायत लामखुट्टे आदिबाट बच्न, शिशिर यामको हावा, वर्षादि लगायत हुरी वतासबाट बच्न र ध्यान भावना अभिवुद्धि गर्नु र विभिन्न ठाउँबाट आएका भिक्षु भिक्षुणीहरु वसोवास गर्नको लागि स्थान हुने भयो ।

यसरी बुद्धको समयमा वहाँका अनुयायीहरुको वसोवासको रुपमा निर्माण शुरु भई हजारौं वर्षसम्म पनि भारतमा विहारहरु निर्माण हुँदै गए । अन्ततः बाह्रौं शताब्दीको उत्तरार्द्धमा

मुसलमानहरुको आक्रमणबाट नालन्दा, विक्रमशील जस्ता महत्वपूर्ण विहारहरु नष्ट भएपछि विहारहरुको निर्माण कार्य पनि बन्द भई बौद्ध धर्म समेतको अस्तित्व समाप्त भएको देखिन्छ ।

## २.३ नेपालमा विहार निर्माण परम्परा

शाक्यमुनि बुद्धको जन्म भूमि नेपालमा वहाँको जीवन कालमा नै बुद्ध प्रमुख संघलाई कपिलवस्तुका शाक्यहरुले विहार बनाई दान दिनु भएको उल्लेख रहेको पाईन्छ । ती विहरहरुको नाम कालखेमकाराम र निग्रोधाराम थिए । घटाय शाक्यले दान दिएको विहार कालखेमकाराम थिए भने राजा सुद्धोदनले दान दिएको विहार न्यग्रोधाराम थिए (बज्राचार्य, वि.सं.२०५३, पृ.२९)। त्यसपछि पनि विभिन्नकालमा त्यहाँ विहारहरु निर्माण गर्ने क्रममा सम्राट अशोकले पनि लुम्बिनी र कपिलवस्तु क्षेत्रमा अनेक विहार बनाएको अनुमान हुन्छ । किनकि चीनिया यात्री फाहियान र युआनच्वाङ्गले वर्तमान नेपालको कपिलवस्तु नगरको सुद्धोदन राजाको राजप्रासाद भग्नावशेष क्षेत्रमा राजाको मूर्ति सहितको एक विहार देखेको थियो (वर्मा, ई.सं.१९४२, पृ.९७)। त्यस्तै नै उक्त प्रासादको उत्तरतिर रहेको मायादेवीको शयन गृहसंगै पनि मायादेवीको चित्र लेखिएको एक विहार र सो विहार संगै हाथिको रुप लिई मायादेवीको गर्भमा प्रवेश गरेको चित्र रहेको अर्को विहार पनि देखिएको चर्चा गरिएको पाईन्छ (वर्मा, ई.सं.१९४२, पृ.९७)। त्यस्तै नै सिद्धार्थको मावली र ससुराली रहेको रामग्राम पुगेर पनि त्यहाँको प्राचिन नगरको पूर्वतिर १०० फूट अग्लो ईट्टाको स्तूप र त्यस सैगै एक भिक्षुद्वारा गाउँका वासिन्दाहरुको सहयोगमा निर्मित एक संघाराम पनि रहेको चर्चा गरिएको पाईन्छ (वर्मा, ई.सं.१९४२, पृ.९८)।

नेपालको वंशावली अनुसार काठमाण्डौं उपत्यकामा किरातकालमा सम्राट अशोक आफै यहाँ आई बौद्धधर्म प्रचार गरेको र वहाँले आफ्नो छोरी चारुमतिको विवाह यहाँका देवपालसंग गराई दिएको थियो । विवाह पछि उनिहरु यहाँ बस्ने इच्छा गरेको थियो । यसरी वहाँहरु वासोवास गर्दै जीवनको अन्ततिर तिनै चारुमतिले एक भिक्षुणी विहार बनाएको थियो भने देवपालले पनि एकवटा भिक्षुहरु बस्नको लागि एक विहार निर्माण गर्नु भएको थियो भन्ने रहिआएको पाईन्छ । हाल चाबहिल अवस्थित प्रसिद्ध चारुमति विहार नै चारुमतीले बनाएको विहार मानिन्छ । जीवनको उत्तरार्द्धतिर चारुमती भिक्षुणी भई सोहि विहारमा वसोवास गरेको

थियो र अन्तमा वहिं मृत्यु भएको कुरा उल्लेखित छन् । थियो । त्यस्तै नै अर्को प्रमाण स्वरुप ललितपुर नगरमा बनाईएको चार स्तूपपनि वहाँले बनाइएको मानि आएको पाईन्छ ।

नेपालमा किरातकाल पछि राज्य गर्ने वंशमा लिच्छविहरु पनि हुन् । स्वर्णकालको रुपमा मानिने सो राज्यकालमा पनि अनेक बौद्ध विहारहरु निर्माण गरिएको देखिन्छ । त्यस्ता प्रसिद्ध विहारहरुमा राजा वृषदेवले बनाएको सिनगु विहार, राजा मानदेवले बनाएको गुँविहार र मानविहार, अंशुवर्माले बनाएको राजविहार तथा खजुरिका विहार आदि प्रमुख हुन् ।

उपरोक्त लिच्छविकालका विहारहरुलाई दुई प्रकारले सरकारी अनुदान दिईन्थ्यो भन्ने विभिन्न अभिलेखबाट देखिएको हुनाले ती विहारहरुको स्वरुपमा पनि भिन्नत थियो भन्ने स्वतः थाहा हुन्छ । त्यस्ता विहारहरुको नामाकरण मध्यम विहार र सामान्य विहार रहेको थियो । मध्यम विहार भन्नाले ठूला विहार र सामान्य विहार भन्नाले सानो विहार भने बुझिन्छ ।

ठूला विहारहरुको स्वरुप र कार्यपनि ठूलो नै हुन्थ्यो । त्यस्ता ठूला विहारहरुमा विशेष गरेर चारैतिरबाट आउने भिक्षु तथा भिक्षुणीहरु वास बस्ने गर्थ्यो । ती प्रत्येक विहारमा एक मूल गन्धकूटि बनाएको हुन्थ्यो । विहारहरु चारैतिर पर्खाले घेरिएका हुन्थ्यो । यसका अलावा विहारको वास्तु स्वरुप र विहारमा के कस्ता कार्यहरु हुन्थ्यो भन्ने कुरा स्पष्ट छैन । तर सानो विहारको स्वरुप भन्ने स्पष्ट नभएको देखिन्छ ।

## २.४ मल्लकालमा विहार निर्माण

नेपालमा राज्य गर्ने शासकहरुमा मल्लहरु पनि थिए । लामो समयसम्म शासन गर्ने यी मल्लहरुको समयमा पनि नेपाल मण्डलमा धेरै नै विहारहरुको निर्माण भएको पाईन्छन् । वर्तमान समयमा नेपालमण्डलमा रहेका अधिकांश विहारहरु सोहि मल्लकालमा निर्माण भएको देखिन्छ । सो कालमा निर्मित विहारहरु क्रियासंग्रह नामक बौद्धग्रन्थमा उल्लेख भए अनुसार वज्रधातु मण्डलमा आधारित गरि निर्माण गरिएको देखिन्छ । उक्त वज्रधातु मण्डल अनुसार विहार निर्माण गर्दा विहार बनाउने क्षेत्रमा सवभन्दा पहिले वज्रधातु मण्डल अनुसार ८१ वटा कोष्ठमा विभाजन गरेर सूत्रपाटन गरि प्रत्येकमा एकजना देवता रहेको भावना गरि पूजा गरिन्छ

। त्यसपछि प्रत्येक दिशामा १० वटा काठका टुक्राहरु गाडेर त्यसमा धागोले सूत्रपाटन गरिन्छ। प्रत्येक दिशामा गाडेका काठका टुक्राहरुमा पूर्वमा प्रमुदितादि १० भूमी, दक्षिणमा दानादि दश पारमिता, पश्चिममा आयू आदि दश वशिता र उत्तरमा वसूमति आदि भावना गरिन्छ ( बज्राचार्य, नरेश मान, वि.सं.२०४७, पृ.२-६)।

यसरी मध्यकालमा बनेका ८१ कोठाहरुमा विभाजित गरि बनाईएका विहारहरुलाई चक्रमा विभाजन गर्दा जम्मा पाँचवटा चक्र हुन्छ। ती पाँचवटा चक्रहरुमा प्रत्येकमा बज्रधातु मण्डल अनुसारका देवताहरुको भावना गरिन्छ।

## २.५ मल्लकालिन विहारहरुको विशेषताहरु

मल्लकालमा बनेका विहारहरुको सवरुपलाई हेर्दा त्यसबेलाका विहारहरु चतुशाला पद्धतिमा निर्माण भएको पाईन्छ। विहारमा प्रवेशको लागि एक मूल प्रंवेशद्वार बनाएको हुन्छ। सो प्रवेशद्वारको दायाँवायाँ ठूलाठूला सिंहहरु द्वारपालको रुपमा स्थापना गरिएको हुन्छ। कुनै विहाारहरुको प्रवेशद्वारमा तोरणले समेट सजाईएको हुन्छ। विहारभित्र वर्गाकार चोक निर्माण गरिएको हुन्छ। चोकको बीच भागमा एक मूल चैत्य, एक अग्निमण्डप, सीमागृह र एक क्षेत्रपाल स्थापना गरिएको हुन्छ। चोकको चारैतिर चंक्रमण पथ, दायाँवायाँ दलानहरु र सामुन्ने क्वापाद्यो राख्ने कोठा निर्माण गरिएको हुन्छ। सो कोठाको द्वारको दायाँवायाँ सिंहहरु र द्वारमाथि कलात्मक तोरण राखिएको हुन्छ। क्वापाद्योको मन्दिर एक वा सो भन्दा बढि तल्ले शैलिमा निर्माण गरि प्रत्येक तल्लामा कलात्मक झ्यालहरु राखिएको हुन्छ। मन्दिरको छानाहरुलाई थाम्नको लागि विभिन्न कलात्मक टुँडालहरु राखिएको हुन्छ। मन्दिरको गजूरको रुपमा चैत्य राखिएको हुन्छ। यसका अलावा विहारको चारैतर्फ विभिन्न कार्यको लागि सानासाना कोठा बनाईको हुन्छ। ती कोठाहरु मध्ये नै एक कोठालाई आगम कोठाको रुपमा बनाएको हुन्छ। यसका अलावा प्रत्येक विहार परिसरमा एक ईनार निर्माण गरिएको हुन्छ।

### २.६ बहिका विशेषताहरु

मल्लकालिन विहारहरुको एक अर्को स्वरुप बहि हो। बाहा र बहिलाई केलाएर हेर्दा केहि भिन्नता रहेको देखिन्छ। मल्लकालिन विहार जस्तै नै बहिको पनि त्यस्तै नै वास्तुकला

देखिन्छ । बहिपनि चतुशाला पद्धतिमा निर्माण गरिएको हुन्छ । बहिमा पनि प्रवेशको लागि एक मूल प्रंवेशद्वार बनाएको हुन्छ तर त्यहाँ ठूलाठूला सिंहहरु द्वारपालको रुपमा स्थापना गरिएको हुँदैन । त्यस्तै नै प्रवेशद्वारमा तोरण पनि राखिएको हुँदैन । विहारभित्रको चोक भने वर्गाकार हुन्छ र त्यसमा पनि एक मूल चैत्य स्थापना गरिएको हुन्छ । चोकको चारैतिर चंक्रमण पथ पनि निर्माण गरिएको हुन्छ । तर चोकको दायाँवायाँ खुल्ला दलानहरु निर्माण गरेर त्यसमा आँखी झ्याल जस्तै बार लगाएको हुन्छ । प्रवेशद्वारको ठिक सामुन्ने बहिको मूल देवता राख्ने कोठा निर्माण गरिएको हुन्छ । मूल देवताको रुपमा स्थापना गरिएको देवतालाई गन्धूरी देवता भनिन्छ । सो कोठाको द्वारपनि सादा हुन्छ । गन्धूरी देवताको माथितिर ललितपुरमा एक तल्लेको प्यागोडा शैलिमा मन्दिर निर्माण गरिएको हुन्छ ।

बहिको एकतल्ला माथि चारैतिर बार्दलि बनाएको हुन्छ । बहिको मन्दिरको छानालाई थाम्नको लागि राखिएको टुँडालहरु सादा हुन्छन् । मन्दिरको गजूरको रुपमा चैत्य राखिएको हुन्छ । बहिमा एक कोठालाई आगम कोठाको रुपमा बनाएको हुन्छ । यसका अलावा बहिहरुमा पनि एउटा ईनार निर्माण गरिएको हुन्छ ।

# अध्याय तीन

# भक्तपुरनगरका बाहा र बहीहरु

## ३.१ भक्तपुर नगरको परिचय

नेपाल अधिराज्यलाई हाल सात प्रदेशमा विभाजित गरिएको पाईन्छ । त्यसमध्ये प्रदेश नं ३ अन्तरगत भक्तपुर नगरपालिकाको रुपमा यो नगर प्रसिद्ध रहेको पाईन्छ । यो नगरपालिका अन्य नगरपालिकाको तुलनामा जिवित सांस्कृतिक सम्पदा सम्पन्न नगरको रुपमा चिनिन्छ । मध्यकालमा राजधानीको रुपमा स्थापना भएको यो नगर ऐतिहासिक र पुरातात्विक दृष्टिकोणले पनि धेरै महत्वपूर्ण देखिन्छ । यो नगर भित्र पचपन्न झ्याल भएको दरवार र पाँचतल्ले मन्दिरको सुन्दर कलाले गर्दा वर्षेनी यस नगरमा धेरै पर्यटकहरु आउने गर्दछ । यसका अलावा यहाँ प्राचिन एवं पुराना ढाँचाका मंन्दिर तथा घर सत्तलहरु पनि धेरै छन् । यो नगर २७°२६' देखि २७°४४' उत्तरी अक्षांश र ८५° २१' देखि ८५° ३२' पूर्वी देशान्तरसम्म फैलिएका छन् । यो नगर समुद्र सतहभन्दा १३३१ मीटर उचाइमा अवस्थित रहेको पाईन्छ ( मेचिदेखि महाकालि (भाग २), पृष्ठ ६३७)।

## ३.२ भक्तपुर नगरमा बौद्धधर्मको प्रवेश

भक्तपुर नगर नेपालमण्डलको प्राचिन नगर मध्येको उक रहेको कुरा यस नगरभित्र स्थापित विभिन्न सम्पदाहरुले पुष्टि गर्दछ । यो नगर भन्दा उत्तरतिर रहेको साँखुमा नेपालमण्डल कै सबैभन्दा पुरानो बौद्ध विहारको रुपमा परिचित गुंविहार रहेको कुरा सर्वविदितै छ । वि.सं.२००८ सम्म यहाँको नेवार समाजमा र नेपाल सरकारले पनि सांखुलाई भक्तपुर कै क्षेत्रको रुपमा गणना गरिन्छ । त्यस उसले भक्तपुरमा नेपाल कै सबै भन्दा पुरानो विहार रहेको कुरा पुष्टि हुन्छ । त्यहि साँखुको संगै रहेको नगरकोट एरियामा रहेको वागहिति स्थानमा रहेको लिच्छविकालको अभिलेखमा उद्योतकारव्य विहार (शाक्य, वि.सं. २०४५, पृ.६) को नाम उल्लेखित भएबाट पनि सो क्षेत्रमा बौद्ध विहार रहेको स्पष्ट देखिन्छ । त्यति मात्रै होईन भक्तपुरको च्याम्हसिंह क्षेत्रमा रहेको वाचुहिति स्थानमा शाक्यभिक्षु सोमनाथले घुम्दै फिर्दै वास बस्न आएका भिक्षुणीसंघहरुलाई खानको लागि केहि खेत राखि दिएको लिच्छविकालिन अभिलेख

प्राप्त भएको थियो । (शाक्य, वि.सं. २०५६, पृ.१२) ले पनि त्यसै बेला यस नगरमा बौद्धधर्म पूर्ण रुपमा स्थापित भईसकेको स्पष्ट देखिन्छ । यसै सन्दर्भमा केहि वर्ष पहिले मात्रै चांगुको दक्षिण भेगमा रहेको भौखेलमा लिच्छविकालिन स्तुप पाइएको थियो (शाक्य, ने.सं.११३०/वि.सं.२०६७, तँसापौ) । आजपनि यस नगरभित्र अधिकांश टोलहरुमा लिच्छविकालिन चैत्यहरु देख्न सकिन्छ ।

## ३.३ भक्तपुर नगर भित्रका बहाःबहीहरु

काठमाण्डौं उपत्यकाको दुई नगरहरु काठमाण्डौं र ललितपुरको तुलनामा भक्तपुर नगरमा विहारहरुको संख्या धेरै कम रहेको पाईन्छन् । भक्तपुर नगरमा प्राचिनकाल देखि नै विहारहरुको स्थापना रहेको देखिन्छन् । यस नगरभित्र र यसका आसपास प्राप्त अभिलेखहरु र हालसम्म बाकि रहेका विहारहरुको संख्या पच्चिस वटा देखिन्छन् । ती मध्ये अभिलेखमा मात्रै उल्लेख भएको र हाल त्यस विहारको अस्तित्व लुप्त भएका विहारहरुको संख्या आठ वटा रहेको पाईन्छन् । ती विहारहरुमा यस नगरबाट पूर्वतिर रहेको उद्योतकारव्य विहार र च्याम्हसिंहको वाचुहितिमा रहेको विहारका अलावा ने.सं.४९६ को एक भूमि सम्बन्धि ताडपत्रमा खुशी विहार र कोथो विहारको उल्लेख रहेको पाईन्छ भने ने.सं. ५१६ को अर्को ताडपत्रमा पेतबहार उल्लेख भई रहेको पाईन्छ (राजवंशी, वि.सं. २०४४, पृ.१) । ती तिनवटा विहारहरु मध्ये हनुमानघाटमा खुशी विहार रहेको अनुमान हुन्छ । किनभने अहिलेपनि उक्त क्षेत्रमा अशोक स्तूप, महाकाल मूर्ति र एक अभिलेख भएबाट पनि सो क्षेत्रमा पहिले विहार रहेको अनुमान गरिएको पाईन्छ । त्यस्तै नै कोथो विहार हालको कमल विणायक मिनिबस पार्कमा रहेको र उक्त विहार राजा रणजित मल्लको समयसम्म राम्रो अवस्थामा रहेको कुरा स्थानिय बुढापाकाहरु सुनाउँछन् ( बज्राचार्य, वि.सं. २०६०, पृ.११२) । त्यस्तै नै सप्तचन्द्र बज्राचार्यको संग्रहमा रहेको एक आयुर्वेद सम्बन्धि हस्तलिखित ग्रन्थको एक पुष्पिका वाक्यमा याथुर विहार पनि अस्तित्वमा रहेको उल्लेखित रहेको पाईन्छ उक्त विहारकोअर्को संस्कृत नाम 'श्रीचक्र महाविहार' पनि उल्लेखित गरिएको पाईन्छन् (बज्राचार्य, वि.सं. २०६०, पृ.११३) । त्यसैले आजपनि कमल विणायक क्षेत्रलाई स्थानिय मानिसहरु 'याथुबहार' भनिने र त्यस क्षेत्रमा प्राचिन चैत्यहरु, महाकाल मूर्तिहरु आदि सम्पदाहरु बाकि रहेको हुनाले सो विहार सोहि क्षेत्रमा हुनसक्ने अनुमान गर्न सकिन्छ । तर सोहि ग्रन्थमा उल्लेख भएको 'साकोलां विहार'को पनि अस्तित्व मेटिसकेको भएपनि 'साकोलान' टोल

भने तचपाल टोलसंगै अहिले पनि बाकि रहेको देखिन्छ । त्यस्तै नै गोपालराज वंशावलीमा उल्लेखित ने.सं.५०१ मा क्वापाद्योको प्राणप्रतिष्ठा गरिएको 'मण्डे विहार' (मल्ल र बज्राचार्य, वि.सं. २०४४, पृ.१) को पनि अस्तित्व हराइसकेको देखिन्छ । त्यस्तै नै 'याला बही' नामक एक बहिपनि अस्तित्व लोप भएको भएतापनि त्यस बहीको महत्वपूर्ण प्रस्तरमूर्तिहरु अहिले पनि यालाछैँ टोलमा यत्रतत्र छरिएको हुनाले सोहि क्षेत्रमा सो विहारको अस्तित्व रहेको स्पष्ट देखिन्छ । त्यस बाहेक वर्तमानसम्म विहारहरुको भौतिक सम्पदा र संघ परम्परा बाकि रहेका विहारहरु यस नगरभित्र ११ वटा बहालहरु र ५ वटा बहीलहरु अवस्थित रहेको देखिन्छन् ।

### ३.३.१ भक्तपुर नगर भित्रका बहाःहरु

भक्तपुर नगरको पूर्वतिर वडा नं. ९ को सूर्यमढि टोलमा स्थानिय बोलिचालीको भाषामा तोंबहाः नामले चिनिने आदिपद्म महाविहार रहेको छ । यस महाविहारको स्थापनाकालको अभिलेख अहिलेसम्म भेटिएको देखिंदैन । तरपनि ने.सं.६९० सालमा श्री २ त्रिभुवन मल्लको पालामा तों बहालको बुद्धाचार्य धनराजले एक बज्रधातु मण्डल लेखिएको पाईएको चर्चा गरिएको पाईन्छ (शाक्य, वि.सं. २०५६, पृ.२८) । यस महाविहारमा क्वापाद्योको रुपमा शाक्यमुनि, विहारको प्राङ्गणमा मूलचैत्य लगायत अन्य चैत्यहरु, गणेश महाकाल आदि देवताहरु सुरक्षित रहेको पाईन्छ ।

यस भक्तपुर नगरको प्रसिद्ध नवदुर्गा मन्दिर रहेको वडा नं. १० को क्वाथण्डौं टोलमा दुईवटा महाविहार र एक बही रहेका छन् । त्यसमध्ये सबैभन्दा पुरानो जसलाई स्थानिय बोलिचालीको भाषामा पशुबहाः नामले चिनिने पशुपति महाविहार वा प्रशन्न महाविहार रहेको देखिन्छ । यस महाविहारको विषयमा अर्को अध्यायमा चर्चा गरिने छ ।

क्वाठण्डौ टोलमा रहेको स्थानिय भाषामा बिक्खु बहाल भनिने सानो आकारमा अर्को महाविहार कूलरत्न महाविहार हो । कूल रत्न बुद्धाचार्यले ने.सं.९९१ सालमा निर्माण गरिएको उल्लेख गरिएको पाईन्छ (शाक्य, वि.सं. २०५६, पृ.२६) । यस महाविहारमा क्वापाद्योको रुपमा एक पद्मपाणी बोधिसत्व, एक स्तम्भ चैत्य, गणेश महाकाल स्थापित गरिएको पाईन्छ । तर यस

महाविहारको संघ सदश्यहरु कोहि नभएकोले अहिले कुनै प्रकारको धार्मिक र सांस्कृतिक क्रियाकलाप हुने गरेको पाईन्दैन । तर यसको सम्पदा संरक्षित रहेको पाईन्छ ।

भक्तपुर नगरको वडा नं १० बेखाल टोलमा स्थानिय बोलिचालीको भाषामा ओंबहाः नामले चिनिने मञ्जुवर्ण महाविहार रहेको पाईन्छ । यस महाविहारको स्थापनाकालको स्पष्ट अभिलेख अहिलेसम्म प्राप्त भएको देखिँदैन । तरपनि ने.सं. १९८६ सालमा उक्त विहारको सदश्य बज्राचार्य भाजुमनले लेखिएको हेरुकद्वय तन्त्र अनुसार त्यतिबेलातिर स्थापना गरिएको हो कि भन्ने अनुमान गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.७) । यस महाविहारमा क्वापाद्योको रुपमा दुधेढुङ्गाको (मार्बलको) महावैरोचन, विहारको प्राङ्गणमा मूलचैत्य, गणेश महाकाल आदि देवताहरु सुरक्षित रहेको पाईन्छ ।

भक्तपुर वडा नं. ७ को ईनाचो टोलमा दुईवटा महाविहार रहेका छन् । ती दुईमध्ये पहिले स्थापना गरिएको भनि मानिएको ईन्द्रवर्त महाविहार वा ईन्द्रवर्ण महाविहार देखिन्छ । उक्त महाविहारलाई स्थानिय बोलिचालीको भाषामा ईनाचोबहाः नामले सम्बोधन गरि आएको देखिन्छ । यस महाविहारको स्थापनाकालको स्पष्ट अभिलेख नपाइएतापनि उक्त महाविहार निर्माणको लागि राजा जगज्योति मल्लको पालामा देवसिंह बुद्धाचार्यले ने.सं. ७४१ मा ४२ × ३६ हात भएको जग्गा किनेको एक तमसुक पत्रमा उल्लेख भएको चर्चा गरिएको पाईन्छ ( शाक्य, वि.सं. २०५६, पृ.३१) । यस महाविहारमा क्वापाद्योको रुपमा ढुङ्गाको शाक्यमुनि, विहारको प्राङ्गणमा मूलचैत्य सहित अरु चैत्यहरु, गणेश महाकाल आदि देवताहरु सुरक्षित रहेको पाईन्छ । साथै यस महाविहारका संघ सदश्यहरुबाट गुंलापर्वमा बजाईने गुंलाबाजं संचालन पनि गर्दै आएको पाईन्छ ।

इनाचो टोलमा स्थापित दोश्रो धर्मउत्तर महाविहार वा मुनिविहार देखिन्छ । उक्त महाविहानरलाई स्थानिय बोलिचालीको भाषामा मुनिबहाः नामले चिनि आएको पाईन्छ । यस महाविहारको प्राङ्गणमा राखिएको शिलालेख अनुसार मुनि बुद्धाचार्यले ने.सं. ७८७ सालमा त्यस महाविहारमा क्वापाद्यो शाक्यमुनि बुद्ध प्रतिष्ठा गर्नुका साथै अन्य विविध मूर्ति राखिएको चर्चा गरिएको पाईन्छ (शाक्य, वि.सं. २०५६, पृ.३५) । हाल पनि यस महाविहारमा सोहि मूल

क्वापाद्योको शाक्यमुनि र विहारको प्राङ्गणमा मूलचैत्य राखिएको पाईन्छ भने अन्य देवताहरुमा गणेश महाकाल आदि देवताहरु सुरक्षित रहेको पाईन्छ ।

भक्तपुर नगरको मध्य भागमा अवस्थित भक्तपुर दरवारको पूर्वि भाग वडा नं. ५ को तधिछेँ / साकोठा टोलमा चतुब्रम्ह महाविहार रहेको पाईन्छ । यसलाई स्थानिय बोलिचाली भाषामा तधिछेँ बहाः नामले पनि चिनिने गरिन्छ । यस महाविहारको स्थापनाकालको स्पष्ट अभिलेख नपाइएतापनि उक्त महाविहारका सदश्य न्हुछे रत्न बज्राचार्यको संग्रहमा रहेको ने.सं.९९२मा लेखिएको हस्तलिखित ग्रन्थ पञ्चरक्षाको पुष्पिका वाक्य (बज्राचार्य, वि.सं. २०६०, पृ.१५०) मा उल्लेख अनुसार ने.सं. ६११ मा श्री राय मल्ल, श्री राम मल्ल, श्री रत्न मल्ल र श्री अलि मल्लले भक्तपुरमा एकान्त कुमारीको पुजा गर्नको लागि काठमाण्डौंको तक्षबहाः (सुरतश्री महाविहार) को सुरतबज्र बज्राचार्यको छोरा जीवचन्द्रलाई बोलाईएको उल्लेख रहेको चर्चा छ । त्यसैबेला यो महाविहार बनाई दिएको देखिन्छ । वर्तमान अवस्थामा भक्तपुरमा बाकि रहेका बाहाःहरुमा बहाःको वास्तुकलाले पूर्ण र संरक्षित अवस्थामा यहि बहाःमात्रै रहेको पाईन्छ । यस महाविहारमा क्वापाद्योको रुपमा धातुको पद्मपाणी बोधिसत्व, विहारको प्राङ्गणको बीचमा मूल बज्रधातुचैत्य सहित स्तम्भ चैत्य आदि देवताहरु सुरक्षित रहेको पाईन्छ । यस महाविहारमा भक्तपुरको पञ्चदान पर्वको दिनमा जात्रा गरेर नगर परिक्रमा गरिने पाँछ दीपंकर बुद्धको मूतिहरु मध्ये दोश्रो दीपंकर बुद्धको मूर्ति विराजमान गराइएको पाईन्छ । यसका अलावा यस महाविहारका संघहरु मध्ये एक खलक तधिछेँ खलकले प्रत्येक वर्ष माघ १ गतेको दिन भक्तपुरको थथु बहील (जयकीर्ति महाविहार)को प्राङ्गणमा सम्यक महादान पर्व आयोजना गर्दै आएको पाईन्छ ।

भक्तपुर नगरको दक्षिणतिर वडा नं. ३ को बोलाछेँ टोलमा स्थानिय बोलिचालीको भाषामा अखःबहाः नामले चिनिने अखण्डशील महाविहार रहेको छ । यस महाविहारको स्थापनाकालको अभिलेख अहिलेसम्म भेटिएको देखिंदैन । तरपनि यस महाविहारको क्वापाद्योको आसनमा भएको अभिलेख अनुसार यस महाविहारको ने.सं.७५७ मा जिर्णोद्धार भएको उल्लेख छ (शाक्य, वि.सं. २०५६, पृ.४१) भने बज्राचार्य देवज्योतिले ने.सं. ७७५ सालमा त्य महाविहारमा ने.सं.७७५ र ने.सं. ७७७ मा केहि कीर्ति राखेको उल्लेख गरिएको छ (शाक्य, वि.सं. २०५६,

पृ.४१) । यस मिहाविहारमा क्वापाद्योको रुपमा शाक्यमुनि, विहारको प्राङ्गणको बीचमा मूलचैत्य लगायत अन्य चैत्यहरु स्थापना गरिएको छ भने गणेश महाकाल आदि देवताहरु हाल कतै राखिएको पाईन्दैन ।

नगरको दक्षिण पश्चिमतिर वडा नं. १ को तेखाचो टोलमा स्थानिय बोलिचालीको भाषामा निवाःबहाः नामले चिनिने जेचवर्ण महाविहार रहेको छ । यस महाविहारको स्थापनाकालको अभिलेख भेटिएको देखिंदैन । तर यो महाविहारको पूर्खा गुणसिंह देवले सो विहार परिसरमा ने.सं. ७५१ देखि ने.सं.७५४ मा तीन पटक जग्गा खरिद गरेको तमसुक प्राप्त भएबाट सम्भवत त्यस बीचमा उक्त जेतवर्ण महाविहार निर्माण गरिएको अनुमान गरिएको चर्चा गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.६३) । यस महाविहारको क्वापाद्योको रुपमा मैत्रेय बुद्ध, दीपंकर बुद्ध, प्राङ्गणको बीचमा मूलचैत्य लगायत एक स्तम्भ चैत्य स्थापना गरिएको छ भने विश्वकर्मा आदि देवताहरु पनि स्थापना गरिएको पाईन्छ । यस महाविहारका संघ सदश्यहरुबाट गुंलापर्वमा बजाईने क्वनेया गुंलाबाजं स्थापना गरि संचालन गर्दै आएको पाईन्छ । वर्तमानमा सो बुंलाबाजंलाई व्यवस्थित रुपले चलाउन आर्थिक कोषको व्यवस्था गरिएको देखिन्छ ।

भक्तपुर नगरको वडा नं. १ ईताछेँ टोलमा स्थानिय बोलिचालीको भाषामा 'तंचाकोनेबहाः' नामले चिनिने 'जेष्ठवर्ण महाविहार' रहेको छ । यस महाविहारको स्थापनाकाल स्पष्ट हुने कुनै श्रोत अहिलेसम्म भेटिएको देखिंदैन । तरपनि यस महाविहारको अहिले सम्म प्राप्त सबैभन्दा पुरानो अभिलेख उक्त महाविहारको मूल चैत्यमा कुंदिएको ने.सं. ८२० को अभिलेख नै देखिन्छ (शाक्य, वि.सं. २०५६, पृ.४६) । यस महाविहारमा क्वापाद्योको रुपमा शाक्यमुनि, विहारको प्राङ्गणमा एक मूलचैत्य लगायत सारिपुत्र मौद्गल्यायनको मूर्ति राखिएको पाईन्छ । यस महाविहारलाई करिब १५ वर्ष अगाडि यस महाविहारका संघ सदश्यहरुको सकृयतामा आफ्नै श्रोतबाट जिर्णाद्धार गरिएको थियो ।

भक्तपुर नगरको दरवार क्षेत्र भन्दा पश्चिम वडा नं. २ को ईताछेँ टोलमा स्थानिय बोलिचालीको भाषामा 'लश्कद्य' नामले चिनिने 'लोकेश्वर महाविहार' रहेको पाइन्छ । यस

महाविहारको वास्तु हेर्दा हाल बहाःको कुनै लक्षण देखिन्दैन । तरपनि यस महाविहारमा गरि आएका सांघिक परम्परा संस्कृतिबाट यो एक बज्रयानी महाविहार नै कुरा स्पष्ट देखिन्छ । यस महाविहारको स्थापनाकाल खुल्ने अहिलेसम्म स्पष्ट श्रोतको अभाव रहेको देखिन्छ । तरपनि यस महाविहारसंग सम्बन्धित एक मानन्धरसंग संरक्षि तरहेको एक वंशावलि अनुसार कलिगत सम्बत् ३७०१ मा नरेन्द्र देवको छोरा बलदेवले एक जेतवण महाविहार बनाई त्यसमा पद्मनाथ लोकेश्वर स्थापना गरेको चर्चा गरिएको छ (शाक्य, वि.सं. २०५६, पृ.४५) । यस महाविहारको क्वापाद्योको रुपमा पद्मपाणी लोकेश्वर, प्राङ्गणको बीचमा मूलचैत्य लगायत अन्य आठ चैत्यहरु स्थापना गरिएको पाईन्छन् । यस महाविहारका मूल क्वापाद्यलाई प्रत्येक वर्ष श्रावण कृष्ण दुतियाको दिनमा खटमा राखि नगर परिक्रमा गरि जात्रा गरिन्छ ।

## ३.३.२ भक्तपुर नगर भित्रका बहीहरु

भक्तपुर नगरभित्र ६ वटा बहीलहरु मात्रै रहेको देखिन्छ । त्यसमा पनि परम्परा तथा धार्मिक गतिविधि हराईसकेको तीन बहीलहरुमध्ये वडा नं. २ सानोव्यासी वा यालाछैं टोलमा रहेको ‘यालाबही’ नामक बहीलमा एकवटा चैत्य र ढुङ्गाका बज्रयान परम्पराका सिद्धाहरुको मूर्तिका केहि फलक सहितको स्थानमात्र बाकि रहेको पाईन्छ । त्यस्तै नै वडा नं. १० क्वाथण्डौ टोलमा रहेको अर्को याँबही नामक बहीलमा पनि बहीलमा गरिने बौद्ध परम्परा अनुसारको कुनै संस्कृति चेलको पाईन्दैन । तरपनि सो बहीको अवशेषको रुपमा चतुष्कोणाकारको चोक, मूलचैत्य सहित केहि अन्य चैत्यहरु अहिले पनि बाकि रहेको देखिन्छ । यसै क्रममा भक्तपुरको वडा नं.५ सुकुलढोका टोलमा रहेको ‘सुकुध्वाखा बही’ मा पनि बौद्ध परम्परा तथा संस्कृतिको नाममा श्रावणशुक्ल द्वादशीदेखि श्रावण कृष्ण पञ्मीसम्म प्रत्येक वर्ष प्रदर्शन गरिंदै आएको बहीद्य प्रदर्शन गर्ने संस्कृति बाहे अन्य कुनैपनि बौद्ध परम्पराहरु चलिआएको पाईन्दैन भने यसको संघ परम्परापनि टुटि सकेको देखिन्छ । यस बहीलमा पनि क्वापाद्यो, चतुष्कोणाकारको चोक, मूलचैत्य बाहेक बहील वास्तुकला बिग्री सकेको पाईन्छ । अरु निम्नानुसारका बाकि तीनवटा बहीलहरुमा बौद्ध परम्परा तथा संस्कृति अनुसार चल्दै आएको पाईन्छ ।

भक्तपुर नगरको करिब मध्य भाग वडा नं ७ को गोल्मढि टोलमा स्थानिय बोलिचालीको भाषामा ‘भ्mौरबही’ नामले चिनिने ‘मंगलधर्मद्वीप महाविहार’ रहेको छ । यस महाविहारको

स्थापनाकालको अभिलेख अहिलेसम्म भेटिएको देखिंदैन । तरपनि यस महाविहारको जिर्णोद्धार गरि ने.सं. ७७० मा सम्पन्न गरिएको कुरा यहाँको एक शिलालेखमा उल्लेख भएको चर्चा गरिएको पाईन्छ (शाक्य, वि.सं. २०५६, पृ.५४) । वि.सं. १९९० मा भएको महाभूकम्पबाट क्षति भएको यस महाविहारलाई वि.सं. २०५८ सालमा भक्तपुर नगरपालिकाको सहयोगमा यस महाविहारको निर्माण गरिएको भएतापनि बहील वास्तुकलामा निर्माण नगरि बहाल वास्तुकलामा निर्माण गरिएको विडम्बनाको कुरा रहेको देखिन्छ । हाल यस महाविहारमा क्वापाद्योको रुपमा शाक्यमुनि बुद्ध, विहारको प्राङ्गणमा मूलचैत्य लगायत अन्य चैत्यहरु, गणेश महाकाल आदि देवताहरुका साथै भक्तपुरको पञ्चदानको समयमा नगर परिक्रमा गरिने दीपंकरको पाँच मूतिहरु मध्ये तेश्रो दीपंकर बुद्धको मूर्ति संरक्षण गरिएको पाईन्छ ।

भक्तपुर नगरको वडा नं. १ को ईताछेँ टोलमा स्थानिय बोलिचालीको भाषामा 'थथुबही' नामले चिनिने जयकीर्ति महाविहार रहेको छ । यस महाविहारको स्थापनाकालको अभिलेख अहिलेसम्म भेटिएको देखिंदैन । तरपनि यस महाविहारमा रहोको शीलालेख अनुसार ने.सं. ७९४ मा यस महाविहारको जिर्णोद्धार सम्पन्न गरिएको कुरा उल्लेख भएको चर्चा गरिएको पाईन्छ ( शाक्य, वि.सं. २०५६, पृ.५७) । यस बहीललाई मित्रराष्ट्र पश्चिम जर्मनीको सहयोगमा यस महाविहारको जिर्णोद्धार गरिको थियो । हाल भक्तपुर नगरमा रहेका बहीहरुमा बही वास्तुकलासंग मेल खाने बही यहि देखिएको छ । हाल यस महाविहारमा क्वापाद्योको रुपमा पद्मपाणी बोधिसत्व, महाविहारको प्राङ्गणमा मूलचैत्य यस महाविहारमा एक लिच्छविकालका मुचलिन्द बुद्धको मूर्ति राखिएको पाईन्छ । भक्तपुरको पञ्चदानको समयमा नगर परिक्रमा गरिने दीपंकरको पाँच मूतिहरु मध्ये चौथो दीपंकर बुद्धको मूर्ति संरक्षण गरिएको पाईन्छ । प्रत्येक वर्षमा सम्पन्न हुँदै आएको सम्यक महादान पनि यहि बहीलको प्राङ्गणमा सम्पन्न हुँदै आएको पाईन्छ ।

भक्तपुर नगर कै वडा नं. १ भार्वाचो टोलमा स्थानिय बोलिचालीको भाषामा 'क्वथुबही' नामले चिनिने 'बौद्धसमकृत महाविहार' रहेको छ । थथुबहीको समकालिन मानि आएको यस महाविहारको स्थापनाकालको अभिलेख पनि अहिलेसम्म नभेटिएपनि यस महाविहारमा रहेको शीलालेख अनुसार राजा रणजित मल्लको पालामा ने.सं. ८६८ मा बज्राचार्य पूर्णराजले यस

महाविहारको जिर्णोद्धार सम्पन्न गरिएको कुरा उल्लेख भएको चर्चा गरिएको पाईन्छ (शाक्य, वि.सं. २०५६, पृ.६०) । यस बहीलमा हाल थेरवाद बौद्ध परम्परानुसार वर्षावास गरि भिक्षुहरुपनि बस्दै आएको पाईन्छ । हाल बही वास्तुकलासंग मेल खाने केहि भागहरु बाकि रहेको यस महाविहारमा क्वापाद्योको रुपमा शाक्यमुनि बुद्ध, महाविहारको प्राङ्गणमा मूलचैत्य लगायत महाकालको मूर्ति राखिएको पाईन्छ । यस महाविहारमा भक्तपुरको पञ्चदानको समयमा नगर परिक्रमा गरिने दीपंकरको पाँच मूतिहरु मध्ये पाँचौं दीपंकर बुद्धको मूर्ति संरक्षण गरिएको पाईन्छ ।

उपरोक्त बाहाःहरु र बहीहरुमा सांघीक कार्यहरु हुँदै आएका विहारहरु मध्ये आदिपद्म महाविहार, कूलरत्न महाविहार, इन्द्रवर्ण महाविहार, जेतवर्ण महाविहार र जेष्ठवर्ण महाविहारमा शाक्यभिक्षु संघ रहेको पाईन्छन् । उपरोक्त शाक्यभिक्षुसंघ रहेका विहारहरुमध्ये कूल रत्न महाविहारमा संघ टुटि सकेको हुनाले सांघिक कार्यहरु हुने गरेको पाईन्दैन । त्यस्तै संघ परम्परा चल्दै आएका विहारहरुमा मञ्जुवर्ण महाविहार, चतुब्रम्ह महाविहार, अखण्डशील महाविहार र लोकेश्वर महाविहारमा बज्राचार्य संघ रहेको पाईन्छन् । तर पशुपति अर्थात् प्रशन्नशील महाविहारमा शाक्यभिक्षु र बज्राचार्यहरुको संयुक्त संघ रहेको पाईन्छन् । त्यस्तै नै बहीहरुमा छुट्टै संघ रहेको पाईन्दैन । हाल सांघीक कार्यहरु हुने ती बहीहरुमा झौरबहीमा चतुब्रम्ह महाविहारका चार खलकमध्ये तधिछेँ खलःले चलाई आएको पाईन्छन् । त्यस्तै थाथुबहीमा चतुब्रम्ह महाविहारका चार खलक मध्ये मायकेँ खलः र जेष्ठवर्ण महाविहारका शाक्यभिक्षुहरुले सांघीक कार्य चलाई आउनु भएका छन् । यसरी नै क्वथुबहीमा चतुब्रम्ह महाविहारका चार खलक मध्ये चिवागाः खलः र जेतवर्ण महाविहारका शाक्यभिक्षुहरुले सांघीक कार्य चलाई आउनु भएका छन् । बाकि अन्य दुई बहीहरु यांबहीमा सांघीक कार्य गर्ने कनै संघ देखिन्दैन भने स्थलगत भ्रमण गरि स्थानियहरुबाट प्राप्त जानकारी अनुसार सुकुध्वाखा बहीमा वर्षमा एक पल्ट "बहीद्यो ब्वयेगु" बाहेक कुनै कार्य भएको देखिन्दैन ।

## अध्याय चार

## पशुपति महाविहारको धार्मिक तथा सांस्कृतिक पक्ष

### ४. १ पशुपति महाविहारको परिचय

पशुपति महाविहार भक्तपुर नगर भित्र रहेका महाविहारहरु मध्ये एक प्राचिन महाविहार हो । यो महाविहारको संस्कृत नाम पशुपति महाविहार भएकै कारणले बुढापाकाहरु यस विहारलाई आजसम्म पनि पशु बाहाः भनेर भन्ने गरेको पाईन्छ । तर पनि यो महाविहारलाई आजकल प्रशन्नशील महाविहारको नामले उपत्यकामा प्रसिद्ध भएको देखिन्छ ।

भक्तपुर नगरपालिका वडा नं. १० मा रहेको क्वाथण्डौ टोल स्थित पशुपति महाविहार उत्तराभिमुख गरेर निर्माण गरिएको छ । यस महाविहारको पूर्वि भागमा नवदुर्गा मन्दिर तथा कमल विणायक बसपार्क पर्दछ भने पश्चिमी भागमा बेखाल टोलको मञ्जुवर्ण महाविहार पर्दछ । त्यस्तै नै उत्तरी भागमा नगरकोट जाने मूल सडक रहेको छ भने दक्षिणी भागमा तचपाल टोल रहेको पाईन्छ ।

### ४.२ पशुपति महाविहारको स्थापना

पशुपति महाविहारको स्थापनाकालिन कुनै अभिलेख अहिले सम्म प्राप्त नभएको हूँदा विहारको निर्माण समय स्पष्ट भएको देखिन्दैन । यस विहारमा सं.९८ तिर कुनै एक व्यक्तिले दीपंकरलाई जग्गा राखिएको एक ताम्रपत्र रहेको चर्चा गरिएको पाईन्छ (बज्राचार्य, वि.सं.२०२६, पृ.१८) । तर त्यसमा कति जग्गा राखिएको स्पष्ट नभएको उल्लेख गर्नु भएको छ । यस अभिलेखको पुष्टि हुन सक्ने अन्य आधारहरु भने देखिन्दैन । तर पनि हाल नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको भुवनाकर भन्ने ब्यक्तिले ने.सं.१९८ मा लेखाएको बोधिचर्यावतार नामक एक प्रसिद्ध बौद्ध ग्रन्थको पुष्पिका वाक्यमा उल्लेख गरिए अनुसार वहाँले पशुपति महाविहार र धर्मकीर्ति महाविहार नामक दुई विहारहरु निर्माण गरिएको उल्लेख छ (शाक्य, वि.सं. २०५६, पृ.२२) । इतिहासमा भुवनाकर नामक कुनै राजा भएको उल्लेख छैन । तापनि सो भुवनाकर भन्ने ब्यक्ति पक्कै पनि प्रतिभाशाली राज परिवारका सदश्य हुन सक्ने धेरै सम्भावना रहेको अनुमान गरिएको देखिन्छ । त्यसकारण वहाँले स्थापना गरेको पशुपति

महाविहार भनेको सोहि भक्तपुरको क्वाथण्डौ टोल स्थित हालको प्रशन्नशील महाविहार नै रहेको कुरा यहाँका विभिन्न अभिलेखहरुमा यो विहारलाई सम्बोधन गरि लेखिएका निमन्त्रणा पत्रले पुष्टि गरिएको पाईन्छ । किनभने कुनैपनि विहारलाई सम्बोधन गर्दा सो विहारको स्थापना गर्ने ब्यक्तिको नाम समेत जोडेर सम्बोधन गर्ने नेपालको आफ्नै परम्परा रहेका छन् । जस्तो कि पाटनको प्रसिद्ध हिरण्यवर्ण महाविहारलाई सम्बोधन गर्दा भास्करदेव संस्कारित हिरण्यवर्ण महाविहार भनेर विहारको दाताको समेत नाम जोड्ने नेपालको परम्परा हो । यहि परम्परा अनुसार पहुपति महाविहारको नाम सम्बोधन गर्दा पनि यस विहारको दाताको समेत नाम जोडेर सम्बोधन गर्ने क्रममा विगत पाँचसय वर्ष अगाडिका सबभन्दा पुरानो यो विहारमा सुरक्षित रहेको भुजिंमोल लिपिमा लेखिएको ने.सं. ५२७ को एक तमसुक पत्रमा यो पशुपति महाविहारलाई "...भूवन धर्म संस्कारित पशुपति महाविहार......." भन्ने उल्लेख गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२२) । सो तमसूक पत्र जग्गा किनबेचसंग सम्बन्धित रहेको कुरा उल्लेख गरिएको पाईन्छ । यसरी नै यस पशुपति महाविहारका दीपंकर बुद्ध तथा यहाँका संघहरुलाई ने.सं. ६६८ को भुजिंमोल लिपिमा लेखिएको हिरण्यवर्ण महाविहारका दानपति कसराज भारोले आयोजना गरेको सम्यक महाभोजनको निमन्त्रणा पत्रमा यो महाविहारलाई सम्बोधन गर्ने क्रममा "भूवनाकर संस्कारित पशुपति महाविहार" भनेर उल्लेख गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.७) । त्यस्स्तै नै यहाँका दीपंकर बुद्ध तथा संघलाई ने.सं. ६९४ को भुजिंमोल लिपिमा लेखिएको पञ्चकाष्ठगिरि गुँविहारका दानपति जयकीर्ति राज भारोले आयोजना गरेको सम्यक महाभोजनको निमन्त्रणा पत्रमा पनि त्यस्तै नै यो महाविहारलाई सम्बोधन गर्ने क्रममा "भूवनाकर धर्म संस्कारित श्री धर्मकीर्ति महाविहार, श्री पशुपति महाविहार" भनेर उल्लेख गरिएको पाईएको छ (बज्राचार्य, वि.सं. २०६०, पृ.७) । यसबाट के देखिन्छ भने यो पशुपति महाविहारको निर्माण भुवनाकर रहेको हुरा स्पष्त देखिन्छ ।

## ४.३ प्रशन्नशील महाविहार

यो महाविहारको प्राचिन र संस्कृत नाम पशुपति महाविहार छँदाछँदै कालान्तरमा यसै विहारलाई प्रसन्नशील महाविहार भनेर भनि आएको देखिन्छ । यो विहारलाई प्रसन्नशील

महाविहार भन्नुको पछाडि यो महाविहारमा स्थापित दीपंकर बुद्धको कारण हुन सक्ने अनुमान गर्न सकिन्छ ।

दीपंकर बुद्ध पूर्व बुद्धहरुमा एक बुद्ध हुन् । वहाँको श्रीमुख बाट नै शाक्यमुनि बुद्ध हुने सुमेध ऋषीले भविष्यमा बुद्ध हुने भविष्यब्याकरण प्राप्त गर्नु भएको थियो । बौद्ध संस्कृत साहित्य कपिशावदान अनुसार वहाँ दीपंकर बुद्ध बस्नु हुने विहारको नाम प्रसन्नशलि रहेको कुरा उल्लेख भएको पाईन्छ । "**तस्मिन्समये दीपङ्कर भगवान् तथागत संम्यक्संबुद्ध प्रशन्नशील महाविहारे विहरतिस्म ।**"(बज्राचार्य, वि.सं. २०२५, पृ.८२) । त्यसै कारणले यो विहारमा पनि दीपंकर बुद्धको स्थापना गरिएको हुनाले यस विहारलाई पनि प्रसन्नशील महाविहार भन्न थालेको हुन सक्छ । यो विहारलाई प्रसन्नशील महाविहार भनेर उल्लेख गरिएका विभिन्न अभिलेखहरुमा सवभन्दा पुरानो यसै महाविहारको उत्तरतिर रहेको दीपंकर ननीमा (दीपंकर विहार/महाविहार) ने.सं.९९२ को एक चैत्यको शीलालेखमा उल्लेख रहेको चर्चा छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२३) । त्यसपछि ने.सं. ९९७ सालमा यस महाविहारका बज्राचार्य भाजुहर्षले लेखिएको दूर्गति परिशोधन ग्रन्थमा उल्लेख गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२३) । त्यस्तै नै ने.सं.१००६ मा निर्मित दीपंकर ननी परिसरमा रहेको पाटीको अभिलेखमा पनि यस विहारलाई प्रसन्नशील महाविहार भनेर उल्लेख गरिएको देख्न सकिन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२३) । यसरी यो विहारक्षेत्रमा मात्रै होईन अन्य स्थानमा रहेका अभिलेखहरुमा समेत यहि नाम उल्लेख गरिएको शिलालेख राखिएको चर्चा गरिएको देखिन्छ । त्यस्ता शिलालेखमा एक पुरानो चैत्य जिर्णोद्धार गर्ने दाताको विहार उल्लेख गर्ने क्रममा प्रसन्नशिल महाविहार भनेर उल्लेख गरिएको छ ( बज्राचार्य, वि.सं. २०६०, पृ.२३) । स्मरणीय छ सो चैत्यको स्थापनाकालको अर्को शीलालेख अनुसार उक्त चैत्यको स्थापना सोहि महाविहारको एक दाताले गरेको देखिन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२२) ।

## ४.४ पशुपति महाविहारको धार्मिक तथा सांस्कृतिक पक्ष

यस मिहाविहारमा नियमित रुपले विभिन्न पूजाहरु संचालन गरिंदै आएको देखिन्छ । त्यस्ता पूजाहरुमा दैखिन रुपले पर्वकालमा र विशेष पूजाहरुपनि गरिंदै आएको पाईन्छन् । त्यस्ता पूजाहरु निम्नानुसारका हुन् ।

### ४.४.१ दैनिक नित्यपूजा र सन्या पूजा

यस महाविहारको क्वापाद्योलाई अटुटरुपमा दैनिक नित्यपूजा गर्दै आएको पाइन्छ । नित्यपूजा गर्दा एक थालीमा ज्वाला न्हाय्कं (ऐना) सिन्हम्हु (टिका राख्ने भाँडो)लाई अक्षता, नैवेद्य, फूल, घ्यू, मह, दूध राखेर पूजा गरिन्छ । त्यसरी पूजा गर्ने क्रममा सवभन्दा पहिले दुध, घ्यू मह राखेर जलले ज्वाला न्हायकंलाई स्नान गराइ सकेपछि उक्त ज्वाला न्हाय्कं क्वापाद्योलाई देखाइ स्नान गराइन्छ । क्वापाद्योलाई ज्वालान्हाय्कँ देखाई जल चढाउँदा " **प्रतिबिम्ब समाधर्मा अच्छा सुद्धा ह्यनाविला । अनुग्राह्या विलाप्याच हेतुकर्मा कुलोद्भव"** आदि श्रृंगार वाक्य पढेर र "**भगवान श्री देवता लोकेश्वर ...... पादुका चरण**....." आदि उच्चारण गरि देवताको खुट्टामा पानी चढाइन्छ । त्यस्तै नै सिन्दुर टिका चढाउँदा "**चन्दन सिन्दुर भूषण पबित्रपावनासन बज्रगन्ध"** भनेर पढिने नियम रहेको पाईन्छ । यस्तै प्रकारले फूल, अक्षता, नैवेद्य, धूप चढाउँदा पनि सम्बन्धित श्लोक पढ्नु पर्ने विधान रहेको देखिन्छ । यसका साथै दश पारमिता पाठ अथवा कसै कसैले षड्पारमिता पाठ र विभिन्न स्तोत्रहरु र धारणीहरु पनि पाठ गरीन्छ ।

यस बाहाःमा दिनदिनै साँझतिर सन्या पूजा गरिन्छ । त्यसरी सन्या पूजा गर्ने समयमा दश पारमिता स्तोत्र अनिवार्य रुपमा पाठ गरि सकेपछि अन्तमा पाँचवटा बत्ती बालि आरति गरिन्छ । त्यसबेला "**नेत्राभिरात्मा बहुरत्न कोषा नराधिपैरचितपाद पद्मा ज्ञानप्रदिपा हतमोहजाला येदीपमाला रचयन्ति तत्र ॥ ओँ आ हुँ वज्रदीपे ह्रीं वज दिपं प्रतिच्छ स्वाहा ॥"** भनेर श्लोक पढिन्छ ।

## ४.४.२ वार्षिक पर्वपूजा

यस मिहाविहारमा नियमित रुपले वर्षभरि विभिन्न पूजाहरु संचालन गरिंदै आएको देखिन्छ । ती पूजाहरु निम्नानुसारका हुन् ।

### ४.४.२.१ देवालीपूजा

पर्वपूजाको रुपमा प्रत्येक वर्षको बैशाख महिनाको अक्षय तृतियाको दिनमा देवालीपूजा गर्ने चलन देखिन्छ । तर सो दिगु पूजाको सम्पूर्ण कार्यहरु सो विहारमा नगरिकन संगैको दीपंकर

ननीमा रहेको दीपंकर मन्दिरमा सम्पन्न गरिने देखिन्छ। एकदिन मात्रै गरिने सो दिवाली पूजामा दीपंकर बुद्धलाई माथि लगेर पूजा गरि विहारका सबै पुरुष सदश्यहरु तथा महिला सदश्यहरुमा बुहारीहरु र अविवाहित छोरीहरुलाई समेत सम्मिलित गराईने देखिन्छ । तर यस पर्वमा पालो पर्ने सदस्यले भने आफ्नो छोरी, ज्वाँई तथा तिनीहरुबाट जन्मेका सन्तानहरु समेत सहभागी गराउन सकिने देखिन्छ । त्यसैले यो पर्वमा करीब ५०० जनाको सहभागी हुने देखिन्छन् । यस दिनको भोजनको लागि सबै संघ सदस्यहरुबाट आवश्यक खाद्य वस्तु र पैसा लिने गरिएको देखिन्छ ।

### ४.४.२.२ पहिलो नायोगू पूजा (नायक गोष्ठिपूजा)

पर्वपूजाको रुपमा प्रत्येक वर्षको भाद्रशुक्ल त्रयोदसीको दिनमा "यँद्यापून्हिको नायोगू" भनेर अर्थात् नायकगोष्ठि सम्पन्न गरिन्छ । यस पर्वपूजाको दिन मूल स्थविर आजु लगायत दशस्थविर आजुहरु, मूलनर्कि (गुरुमां) र एक कोजि गुभाजु मात्रै सभागिता हुन सक्ने व्यवस्था रहेको देखिन्छ । यो पर्वपूजामा पञ्चबाहाल पूजा गरिन्छ । सो पूजाको लागि ने.सं.८०६मा गोल्मढि टोलका जूगिराम भारो नामक व्यक्तिले केहि जग्गा राखेर आयस्ताको व्यवस्था गरि दिएको चर्चा गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.३१) । एकदिनमा सम्पन्न गरिने उक्त पर्वपूजा दीपंकर ननीमा रहेको दीपंकर राखिने मन्दिर वा दिगिछेँमा सम्पन्न गरिन्छ ।

### ४.४.२.२ थिंला गुठि

पर्वपूजाको रुपमा यो विहारमा सम्पन्न हुने अर्को पूजा थिंला गुठि रहेको देखिन्छ । प्रत्येक वर्षको मार्गशुक्ल त्रयोदसीको दिनमा सम्पन्न हुने उक्त पर्वमा दिवंगत भएका यस विहारका आचार्यहरु जीवा र जीवाजूको नाममा पिण्डदान गर्ने चलन चलि आएको देखिन्छ । यस पर्वपूजामा गुठिका सम्पूर्ण पुरुष सदश्यहरुको सहभागिता रहेको हुन्छ । यसको लागि आवश्यक सबै व्यवस्था चिनंजू अर्थात् व्यवस्थापकले गरिने देखिन्छ । तर आयश्रोतको अभावको कारणले गर्दा यो पर्वपूजा आजभन्दा करिब बीसवर्ष पहिले देखि बन्द भईसकेको जानकारी मूल स्थविर आजु श्री कूलचन्द्र बज्राचार्यले जानकारी दिनु भएको थियो ।

### ४.४.२.३ वालीगुठि

पर्वपूजाको रुपमा सम्पन्न हुने अर्को पूजा वालीगुठि रहेको देखिन्छ । प्रत्येक वर्षको माघकृष्ण दशमीको दिनमा सम्पन्न हुने उक्त पर्वमा दीपंकरको पूजा गरेर मनाईन्छ । यस पर्वपूजामा पनि गुठिका सम्पूर्ण पुरुष सदश्यहरुको सहभागिता रहेको हुन्छ । यस पर्वपूजाको सबै आवश्यक व्यवस्था चिनंजू अर्थात् व्यवस्थापकले गरिने देखिन्छ । तर आयश्रोतको अभावको कारणले गर्दा यो पर्वपूजा करिब तीसवर्ष पहिले देखि बन्द भईसकेको जानकारी मूल स्थविर आजु श्री कूलचन्द्र बज्राचार्यले जानकारी दिनु भएको छ ।

## ४.५ जात्रापर्व

यस महाविहारसंग सम्बन्धित वर्षभरि र अन्य विशेष समयमा गरिंदै आएका जात्रापर्वहरु निम्नानुसारका हुन् ।

### ४.५.१ पञ्चदान पर्व

पञ्चदान पर्व नेपालमा चल्दै आएको एक महत्वपूर्ण र मौलिक दान परम्परा हो । यो दानपर्व नेपाल उपत्यकामा श्रावण शुक्ल अष्टमीको दिन र भाद्र कृष्ण त्रयोदशीको दिनमा गरेर दुई दिन मनाइन्छ । यी दुई दिनमा सम्पन्न हुने दानपर्व मध्ये  दिन बौद्धहरुको लागी एकदम महत्वपूर्ण रहेको छ । ललितपुर नगरमा चल्दै आएको परम्परा अनुसार चलि आएको दान परम्परा श्रावण शुक्ल अष्टमीको दिनमा सम्पन्न हुन्छ । त्यस्तै नै काठमाण्डौ लगायत भक्तपुर, बनेपा, मध्यपुरका साथै पनौती आदि ठाउँमा भाद्र कृष्ण त्रयोदशीको दिनमा सो दान परम्परा चलि आएको पाईन्छ । उक्त भाद्र कृष्ण त्रयोदशीको दिनलाई चार युग मध्ये एक युगको रुपमा लिईन्छ । यसै परम्परा अनुसार भक्तपुरमा भव्य रुपमा यो दान पर्व सम्पन्न हुन्छ । सो पर्वमा जात्रा गरिने देवतामा दीपंकर बुद्ध प्रमुख हुन् । त्यस्ता दीपंकर बुद्धहरुको मूर्ति भक्तपुर नगरमा पाँचवटा रहेको पाईन्छ । ती पाँच दीपंकर बुद्धहरु मध्ये यस पशुपति महाविहारको दीपंकर बुद्ध सवभन्दा जेष्ठ रहेको पाईन्छ ।

भक्तपुरमा सम्पन्न हुने पञ्चदान पर्वमा भक्तपुर नगर परिक्रमा गरिने पाँच दीपंकर बुद्धहरुको पूजागर्नको लागि र दान लिन आउने शाक्यभिक्षु र वज्राचार्यहरुलाई दान गर्नको लागि

भनेर यस महाविहारको संघले पञ्चदान गुठीको पनि स्थापना गरिएको देखिन्छ । त्यसको लागि उक्त पञ्चदान गुठिले पञ्चदान पर्वको लागि सदस्यहरुले निश्चित जिम्मा लिनुपर्ने नियमहरु रहेको कुरा उल्लेख गरिएको पाईन्छ ।

पञ्चदान पर्वको भोलिपल्ट सो पर्वमा महत्वपूर्ण कार्यहरु गर्ने वर्गहरु जस्तै पोंगा (एक प्रकारको फुकेर बजाउने बाजा) बजाउने मानन्धरहरु, भारी बोक्ने गथुहरुलाई भोज ख्वाईन्छ भने संघको सबै सदस्यहरुलाई मासको दाल र विभिन्न परिकारहरु राखेर "पोलचा जा" भनेर भोजन गराईन्छ । यस कार्यको लागि विहरको आयश्रोत नपुगेको हुनाले संघकै सदस्यहरुबाट आवश्यक रकम उठाएर अहिलेसम्म कार्य सम्पन्न गर्दै आएको भन्ने मूल स्थविर आजु श्री कूलचन्द्र बज्राचार्यको भनाई रहेको छ ।

### ४.५.२ सम्यक भोजनदान पर्व

भक्तपुरमा प्रत्येक वर्षको माघे सक्रान्तीको दिनमा श्री जयकीर्ति महाबिहार थथुबहीमा नियमीत सम्यक संघ भोजनदान पर्व सम्पन्न हुँदै आएको देखिन्छ । चतुर्ब्रम्ह महाबिहारका संघ सदश्य श्री बज्राचार्य जयरत्नले ने.सं. ७८७ मा यो पर्वको स्थापित सो पर्वमा भक्तपुरका विभिन्न विहारमा स्थापित दीपंकर बुद्धहरु पनि सम्मिलित हुनको लागि निमन्त्रणा गरिन्छ । उक्त पर्वमा भाग लिनको लागि यस पशुपति महाविहारका क्वाचपाल देवता लोकेश्वर, दीपंकर बुद्ध र स्थविर आजु लगायत संघ सदस्यहरुलाई निमन्त्रण स्वरुप ग्वय्दां अर्थात् सूपारी, पान र दक्षिणा राखेर निमन्त्रण गरिन्छ । त्यसैले उक्त सम्यकदान पर्वमा माघे संक्रान्तिको दिनमा थथूबही अर्थात् जयकिर्ति महाबिहारको भुईखेलमा सहभागिताको लागि यस विहारका सदस्यहरुले पालो परे अनुसार देवता लोकेश्वरको प्रतिनिधि स्वरुप उक्त देवताको मुकुट र दीपंकर बुद्धलाई बोकेर जात्रा गरेर लगिन्छ । त्यसरी लाँदा सवभन्दा अगाडि नाये बाजं र त्यसपछाडि यसै महाबिहारका "विश्वकर्मा गुलावाजं" बजाई वातावरण नै बढि उल्लास र उमंग वनाएर जात्रा गरेर लगिन्छ ।

पशुपति महाबिहारको देवननी (दीपंकर बिहार) बाट क्वाठण्डौको थाथुलाँको बाटो हुँदै सालां गणेश भएर तचपाल ल्याइ पुऱ्याइ इनाचोतिरबाट गोलमढि पलिखेलको भ्कौरबहि हुँदै त्यहाँको दीपंकर बुद्धपनि संगै सम्मिलित गराई त्यहाँबाट सुकुलढोकाको बाटो हुँदै साकोठा पुगी तधिछेंको चतुर्व्रम्ह बिहारको दीपंकरलाई पनि संगे सम्मिलित गराई लाय्कू बाटो गरी खौमा

टोल, इटाछें टोल भएर नःपुखुको वायाँ बाटोबाट घुमाएर हाल मिनिवस पार्क बनाइ राखेको ठाउँमा तीनै दीपंकर ल्याइ पुऱ्याउँछन् । त्यहाँ थथुबहिको दीपंकर र कूथबहीको दीपंकर पनि ल्याएर थथुबहीको दीपंकरले तीनै दीपंकरलाई घुमेर अभिवादन गरिन्छ भने कुथुबहीको दीपंकरले थथुबहीको दीपंकर समेत चारै दीपंकरलाई अभिवादन गरिन्छ र त्यहाँबाट थथुबहीको भुइखेलतिर पाँच वटै दीपंकर प्रस्थान गरिन्छ । थथुबहीको मूल प्रवेशद्वारको पिखालखुमा गुठि पालोको थाकालिले लसकुस गरी दीपंकरलाई पंचोचार पूजा अर्घगरी प्रदक्षिणा गरिन्छ । त्यहाँबाट थथुबहीको हाताभित्रको भुइखेलमा प्रवेश गराइ आसंषलि राखेको स्थानमा दीपंकर विराजमान गराइन्छ ।

सम्यक् संघ भोजनदानको पालो पर्ने नाइकेले भूमिसोधन गरेर आमन्त्रित सबै देवतालाई पंचोपचार पूजा गरेर नकिंले लुफँ (सुवर्ण पाथी) र सिंफँ (काठको पाथी) मा चामल र धान भरेर "बाह्रां छुये" अर्थात् दान दिने गर्दछन् । यसक्रममा यस विहारको दीपंकर बुद्धलाई दक्षिणा राखी सुवर्ण पाथीले दुई पाथी धान चढाईन्छ भने देवतालोकेश्वरलाई र स्थविर आजुलाई सिंफँले ( काठको पाथीले) एकपाथीको दरले दान गरिन्छ ।

त्यस्तै नै "बांधां छुये" कार्य को क्रममा दीपंकर देवता बोकि ल्याउने द्योभरियाहरु लाई पनि काठको पाथीबाट "सरुवा चामल" अर्थात् नौ भाग चामल र एक भाग धान मिसाइएको चामल दान गरिन्छ । जस अनुसार यस विहारका दीपंकर बोक्ने द्योभरिया सबैलाई गरी चार पाथी सरुवा चामल दिइन्छ । त्यसपछि दीपंकर तथागत तथा देवता लोकेश्वर प्रमुख संघ स्थविर आजुलाई सम्यक् संघभोजन दान गरिन्छ ।

सवभन्दा पहिले रकमिहरुले ज्यनालपते दुईवटा प्रत्येक दीपंकर देवता र लोकेश्वर र स्थविर आजु, मूलाचार्य गुरुजु, उपाध्याय गुरुज्यूको अगाडि राख्न आउँछ । त्यसपछि प्रत्येक लपते संगै ३ वटा सली राखी एउटामा शुद्ध खाने पानी, एउटामा दूध र एउटामा सख्खर पानी (साखति) को शरबत राखिन्छ । त्यसपछि क्रमश जेतवर्ण महाबिहारको लकमिले भातको २ वटा डल्लो (हाम्वजा), इन्द्रवर्ण महाबिहारको रकमिले मुलाबाट बनेको तरकारी (लैंक्वा), चतुब्रम्ह महाबिहारका सदस्यहरु मायकें खलकले मासको दाल (मायकँ) दान गर्न आउँछ । त्यसपछि भोजनका विभिन्न परिकारहरु दान गरिन्छन् । जो निम्नानुसारका देखिन्छ ।

गेडागुडिको परिकारहरु – १. गोमाय्, २. बालामाय्, ३. ह्याउँमाय्, ४. गोमू, ५. कसू, ६. तुइमुस्या, ७. सिइमुस्या, ८. मस्यांचा, ९. जरिग्व, १०. कोंल, ११ भुति

सागसब्जीहरु – १. इकंचा, २. मिच, ३. स्वप्स, ४. म्हुकं, ५. चिम्हुकं, ६. वाकंचा, ७. सकिमुथ, ८. स्वाँचा, ९. कलांचा, १०. काउली, ११. तुकंचा, १२. आमलि, १३. कछें, १४. कच, १५. सिमल, १६. पाछैचा, १७. तुकंचा, १८. मिच आदि ।

मिठाई – १. लड्डु, २. पुरि, ३. घ्योचाकु, ४. पंचपकुवान, ५. चतांमरि २ वटा, ६. माय्वो १ वटा ।

फलफूल – १. देलचा, २. वल, ३. सतवेल, ४. अम्ब, ५. चयपि, ६. खय्पि, ७. तु ।

धौ दुरु – १. धौ, २. दुरु ।

मसलाप्व १

अन्तमा सम्यक् संघ भोजनदान र दान कार्यक्रम सकिएपछि पालो पर्ने गुठिका थकालि र गुठिका सदस्य लगायत रकमि र भालिहरु समेत आइ निमन्त्रित यस विहारका देवता लोकेश्वर, दीपंकर बुद्ध र स्थविर आजु को सामुआइ बिन्ति गरी विदाइ गरि सकेपछि अगाडि गुँलाबाजा बजाइ दीपंकर देवता बोकेर उक्त भुइखेलबाट नःपुखुको उत्तरतर्फको किनारको बाटो गरेर आफ्नो पशुपति विहारमा ल्याईने देखिन्छ । विहारमा दीपंकर बुद्धलाई स्वस्थानमा राखेपछि दीपंकर देवतालाई चढाइएको संघभोजन (भात) सबै गुठियाहरुले आपसमा महाप्रसादको रुपमा अलि अलि बाँडी लिन्छ र आफ्नो घरमा लगि सबै परिवारलाई पनि प्रसादको रुपमा बाँडिने देखिन्छ ।

### ४.५.३ ऐच्छिक सम्यक दान वा विशेष जात्रा

ऐच्छिक सम्यक दान भन्नाले कुनै व्यक्तिले आफ्नो इच्छा अनुसार आयोजना गरिने दान पर्व हुन् । यस प्रकारको दान पर्व सम्पन्न गर्नको लागि आवश्यक अर्थको अलावा आफन्तहरुको सहयोग आवश्यक हुन्छ । त्यसैले ऐच्छिक सम्यक दान पर्व आयोजना गर्न कठिन मानिन्छ । यस प्रकारको महान सम्यक दान पर्व गर्नको राम्रो जूग, शुभ साइत हेरेर गरिन्छ । यस प्रकारको सम्यकदान गर्ने बेलामा यस विहराका दीपंकर बुद्ध र स्थविर आजु लगायत संघ सदश्यहरुलाई निमन्त्रण हुँदा यहाँको दीपंकर बुद्धलाई जात्रा गरेर सो दानपर्व सम्पन्न हुने स्थलसम्म लिएर जाने गरिन्छ । यसको लागि निमन्त्रणा गर्नको लागि यो विहारमा सम्यक दान गर्ने दाताले यहाँ

आई दानपत्र पढेर दीपंकर तथागतलाई निमन्त्रणा चढाउने गरिन्छ । यस महाविहारको दिवंगत स्थविर आजु कुलचन्द्र बज्राचार्यको भनाई अनुसार यस प्रकारको ऐच्छिक सम्यकदान एक पल्ट ध्रुव शम्शेरको पालामा भक्तपुरका इनाचो टोलका शाक्यहरुले सम्पन्न गरि सकेको कुरा भन्नु भएको छ ।

### ४.५.४ कुमारीको जात्रा

यो पशुपति महाविहारमा ने.सं.६५३ सालमा कुमारीको घर निर्माण गरि कुमारीको काम गर्नको लागि जयसिंह वंदेलाई जिम्मा दिएको देखिन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२२) । तर साथै सो जयसिंह वंदेको छोरो पट्टिका संतान टुटी छोरी पट्टिका संतानले हाल कुमारीको काम गरि आएको हुनाले कुमारीको जात्रामा यो पशुपति महाविहारको संघको कुनै भूमिका रहेको देखिन्दैन । तरपनि यो कुमारीको जात्रा देवननीमा निर्मित कुमारी घरबाट सम्पन्न हुँदै आएको देखिन्छ ।

प्रत्येक वर्ष दशैमा घटस्थापना भन्दा केहि दिन अगाडि कुमारी घरमा एकान्त कुमारी ल्याएर राखिन्छ । घटस्थापनाको दिनदेखि महाअष्टमीको दिनसम्म प्रत्येक दिन बिहान स-सन्मान सहित सुरक्षा गरि एकान्त कुमारीलाई बोकेर लगेर चतुब्रम्ह महाविहारको कुमारी कोठामा राखिन्छ र भक्तपुरको मूलचोकबाट पूजासामाग्रीहरु ल्याएर पूजा गरिन्छ । त्यसपछि महानवमीको दिनमा शुभ साइतमा दिउँसोतिर एकान्त कुमारी सहित गण कुमारीहरु सबै बोकेर लगेर चासुखेलमा रहेको कुमारी घरमा लान्छ । त्यहाँ मूलचोकका आचार्यहरु, जोशी तथा ब्राम्हणहरु सबैले लिन आई पहिला गण कुमारीहरु बाजागाजा सहित तलेजुमा लगेर स्वागत गरि भित्र लगेर पूजा गरिन्छ र सबै गण कुमारीहरुलाई भोजन गराई सकेपछि चतुब्रम्ह महाविहारमा फकाईएन्छ । त्यसपछि फेरि मूलचोकका आचार्यहरु, जोशी तथा ब्राम्हणहरु सबैले एकान्त कुमारीलाई चाखेलको कुमारी घरमा लिन आई पहिला गण कुमारीहरु बाजागाजा सहित तलेजुमा लगे जस्तै नै जात्रा गरि लगेर त्यहाँ स्वागत गरि भित्र लगेर विधिवत पूजा गरिन्छ । त्यसपछि अन्तमा एकान्त कुमारीलाई भोजन गराई सकेपछि चासुखेलको कुमारी घरमा ल्याईन्छ । त्यहाँ स्थानिय गुठियारहरु सबैले पूजा गरि सकेपछि बाजागाजाका साथ पशुपति महाविहारको देवननीमा फिर्ता ल्याईन्छ । त्यसपछि भोलि पल्ट कुमारीलाई बिहान सबेरै ब्रम्हयणी पीठमा लगेर स्नान गराई फर्काएर कुमारी घर ल्याएपछि कुमारीको सर्म्पूण जात्रा सिधेको मानिन्छ ।

## ४.६ पशुपति महाविहारमा संघ व्यवस्था

बौद्धधर्ममा विहारको निर्माण हुनुको कारण बौद्ध धर्ममा दिक्षितहरु वसोवासको लागि हुन् । त्यस्ता दिक्षित व्यक्ति भिक्षु वा गृहस्थी दुबै हुन सक्छ । थेरवाद परम्परा अनुसार दिक्षित भएका व्यक्तिहरु भिक्षु हुन्छन् भने महायान परम्परा अनुसार दिक्षित भएका व्यक्ति भिक्षु अथवा गृहस्थी दुबै मध्ये एक हुन्छन् । यसरी दिक्षित भएका भिक्षु वा गृहस्थ व्यक्ति बौद्ध धर्मको संघको सदश्य मानिने गरिन्छ । सोहि संघ सदश्यहरु सम्मीलित हुने स्थल विहार हुन् ।

नेपाल मण्डलको बौद्ध परम्परा अनुसार यहाँका बाहा: तथा बहीहरुमा संघ सदश्यहरुको रुपमा बज्राचार्य र शाक्यहरु रहि आएको देखिन्छ । त्यस अनुसार पशुपति महाविहारको संघमा पनि बज्राचार्य र शाक्य खलकहरुको संयुक्त संघलाई निम्नानुसार वर्गिकरण गर्न सकिन्छ ।

१. बज्राचार्य संघ

२. बुद्धाचार्य संघ

३. शाक्यभिक्षु संघ

### ४.६.१ बज्राचार्य संघ

यस महाविहारको मूल खलकमा बज्राचार्य खलक देखिन्छ । यो विहारको बज्राचार्य खलकको ख्याती मल्लकाल धेरै रहेको थियो । त्यहि कारणले तत्कालिन समाजमा प्रतिस्थित व्यक्तिलाई मूलत जग्गा खरिद बिक्री गर्दा साक्षिको रुपमा राखेको हुन्थ्यो । यसैको उदाहरण स्वरुप ने.सं. ५२७ मा भएको जग्गा खरिद बिक्री गरेको एक अभिलेखमा यस विहारका बज्राचार्य स्थविरलाई साक्षि राखेको चर्चा गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२२) । करिब ३० घर परिवार रहेको यो बज्राचार्यहरुको खलक पनि पूर्व आगम खलक र पश्चिम आगम खलक भनेर दुई खेमामा विभाजित भएको देखिन्छ ।

१. पूर्व आगम खलक

२. पश्चिम आगम खलक

### ४.६.२ बुद्धाचार्य खलक

पशुपति महाविहारको मूल संघको रुपमा रहेका अर्को खलकमा बुद्धाचार्य देखिन्छ । करिब २० घर परिवार रहेको यो खलकहरुको चूडाकर्म गर्ने आफ्नै अर्को आदिपद्म महाविहार

रहेको देखिन्छ । तरपनि यो खलक पशुपति महाविहारको मूल सर्वसंघमा समावेश भई यस विहारको भण्डार नायकको रुपमा रहेर त्यसको लेखा राख्ने कार्यहरु गर्दै आएको देखिन्छ ।

### ४.६.३ दशस्थविरको ब्यवस्था

पशुपति महाविहारमा परम्परागत रुपमा यस विहारमा संलग्न रहि आएका यस विहारका बुद्धाचार्य शाक्य तथा बज्राचार्य सदश्यहरु मध्ये सबै स्वजातिय सदश्यहरुले विहारको नियमानुसार सदश्यताको लागि अनुरोध गरेपछि विहारको विधि अनुसार उनिहरुलाई सदश्यता प्रदान गरिन्छ । त्यसरी सदश्यता ग्रहण गरेका ब्यक्ति नै यो विहारको मूल संघ सदश्यमा गणना गरिन्छ । यो विहारको संघ परम्परामा उमेरले जेष्ठ भएपनि विहारको संघ सदश्यमा जेष्ठ हुँदैन । जुन ब्यक्तिले विहारको संघ सदश्यता पहिले ग्रहण गर्छ सो ब्यक्ति नै संघ सदश्यमा जेष्ठ मानिन्छ । यहि रितले जेष्ठताको क्रम अनुसार दशजना जेष्ठ सदश्यहरुको एक संघको ब्यवस्था गरिएको छ जसलाई दशस्थविर संघ भनिन्छ ।

दशस्थविरमा सबभन्दा जेष्ठ स्थविरलाई स्थविर आजु (थाय्पा/थापाजू) भनिन्छ । त्यसपछिको जेष्ठ स्थविरलाई न्वकू भनिन्छ । यसरी दशजना स्थविरहरुको व्यवस्था रहेको यस संघमा पाँचौं स्थविर, आठौं स्थविर र दशौं स्थविरबाट कुनै विषयमा निर्णय गर्दा उनिहरुको रायलाई अन्तिम सुझावको रुपमा लिने परम्परा रहेको देखिन्छ । स्मरणिय छ भक्तपुरका विभिन्न महाविहार तथा बहीहरुमा रहेका संघ परम्परामा दश स्थविरको ब्यवस्था भएको यहि पशपति महाविहार एउटा मात्रै रहेको देखिन्छ । त्यसैले पनि यो महाविहारको संघ परम्पराको महत्व रहेको देखिन आउँछ ।

### ४.६.४ स्थविर आजु

नेपाल मण्डलको बौद्ध बिहारहरुमा चल्दै आएको संघ परम्परा अनुसार बिहार सुचारु रुपले संचालन गर्न दश स्थविर आजू, वीस स्थविर आजू र तीस स्थविर आजूको व्यवस्था भएको देखिन्छ । यी स्थविर आजुका आफ्नै चीवर रहेको पाईन्छ । वहाँहरुले विशेष सांघिक कार्यहरुमा चीवर लाउनु पर्ने हुन्छ ।

नेपालको परम्परागत कुनै कुनै विहारमा जेष्ठ स्थविर आजु भएपछि आफ्नो घर छोडेर विहारमा बस्नुपर्ने नियम रहेको छ । सोही नियम अनुसार यो पशुपति महाविहारको मूल स्थविर आजू पनि गृहस्थी जीवन छोडेर यस विहारमा जीवनयापन गर्दछन् ।

### ४.६.४ नव प्रवेशी शाक्य खलकहरु बुद्धाचार्य/शाक्य खलकहरु

पशुपति महाविहारमा प्रवज्या गर्ने शाक्य खलकहरुमा नवप्रवेशी बुद्धाचार्य / शाक्य खलकहरु पनि रहेको देखिन्छ । यस महाविहारको मूल संघमा सम्मिलित नभएका तर नेपालको बौद्ध धर्म संस्कृति तथा परम्परा अनुसार यस महाविहारमा बौद्ध भिक्षु भई प्रवजित हुँदै बुद्धाचार्य तथा शाक्यहरुको पशुपति महाविहारको बौद्ध संस्कृति तथा परम्परा चलाउने कार्यमा धेरै योगदान रहेको पाईन्छ । वहाँहरु पनि चार खलकमा विभाजित रहेको पाईन्छन् ।

#### ४.६.४.१ सलां खलः(क्वाथण्डौ खलक)

पशुपति महाविहारमा प्रवज्या गर्ने शाक्य खलकहरुमा सलां खलक पनि एक हो । यो खलकमा धेरै परिवार रहेका छन् । यस खलकका शाक्य परिवारहरु यस विहारको परिसर बाहेक काठमाण्डौं, ललितपुर, पनौटी, साँखु आदि स्थानहरुमा छरिएर रहेको पाईन्छन् । वहाँहरुको कूल संख्या करिब २५० जना रहेको अनुमान गरिएको पाईन्छ । यस विहारका पूरोहित श्री कूलचन्द्र बज्राचार्यले जानकारी दिए अनुसार यस खलकका पूर्खाहरुमध्ये विजय सिं नामक प्रसिद्ध व्यक्ति आजुले सम्यक महादान गर्ने ईच्छा गरेर त्यसको लागि आवश्यक तयारी समेत गरेर दीपंकर बुद्धको मूर्ति समेत बनाई सकेको थियो । किनभने ऐच्छिक सम्यक महादान आयोजना गर्ने बेलामा दीपंकर बुद्धको एक मूर्ति अनिवार्य रुपमा स्थापना गर्नु पर्ने विधान नेपालको बौद्ध परम्परामा रहि आएको पाईन्छ । यस हिसाबले वहाँले मूर्ति बनाईसकेको तर वहाँको त्यो ईच्छा पूर्ण नहुँदै वहाँको निधन भएको थियो । वहाँले सम्यक महादान गर्न खोजेको समय रणजित मल्लको समय थियो । किनभने त्यसको लागि बनाईएको दीपंकर बुद्धको मूर्तिको काँधमा धर्मसिं नाउँ उल्लेख गर्दै ने.सं. ८७५ अभिलेख उल्लेख गरिएको चर्चा परेको देखिन्छ (बज्राचार्य, वि.सं.२०५७, पृ.५९) । त्यसरी वहाँको ईच्छा अनुसार सम्यक महादान गर्न नसके तापनि सोहि दीपंकर बुद्धको मूर्ति अगाडि राखेर पञ्चदानको दिनमा शाक्य बज्राचार्यहरुलाई पञ्चदान गरिंदै आएको देखिन्छ ।

यस शाक्य खलकका आगम घर धर्मकीर्ति महाबिहार भित्र रहेको थियो । तर वि.सं. १९९० को महा भूकम्पबाट सो आगम घर भत्केपछि समयमा जिर्णोद्धार गर्न नसकेर अन्य स्थानमा आगम घर बनाई आफ्नो परम्परा चलाई आएको देखिन्छ । यस खलकले वार्षिक रुपले गर्ने प्रमुख बौद्ध परम्परागत पूजामा देवाली पूजा, दशमी पूजा, बसून्धरा व्रत, लक्षचैत्य व्रत जस्ता पूजा उल्लेखनिय रहेको देखिन्छन् । यसका अलावा यस खलकले प्रत्येक महिनाको १ गते दीपंकर बुद्धको अगाडि आरति पनि बालेर आएको पाईन्छ । सो आरति बाल्ने गुठिको स्थापना ने.सं. ९९२ मा भएको कुरा एक दियोमा लेखिएको अभिलेख रहेको उल्लेख गरिएको पाईन्छ ( बज्राचार्य, वि.सं. २०६०, पृ.३३) ।

### ४.६.४.२ बिश्वकर्मा छैं खलक

यो महाविहारको शाकय खलकमा विश्वकर्मा छें खलः पनि एक प्रमुख खलक मानिन्छ । पशुपति महाविहार परिसर लगायत काठमाण्डौं, ललितपुर तथा हेटौंडा सम्म पनि वसोवास गर्ने यस खलकका संख्या पनि सयौं परिवारमा रहेको पाईन्छन् । यो खलकका परिवारले पनि बौद्ध आचरण अनुसार धेरै दत्तकीर्तिहरु राख्ने जस्ता उल्लेखनिय कार्यहरु गरेको बुझिन्छ । त्यस्ता उल्लेखनिय कार्यहरुमा एउटा कार्य सम्यक संघ भोजनदान हो । भक्तपुरको नियमित सम्यक संघ भोजनदान पर्व हुँदै आएको जयकीर्ति महाविहार अर्थात् थथुबही प्राङ्गणमा ने.सं.१०४४ मा यस खलकका जुजुरत्न बुद्धाचार्यले आयोजना गरेको थियो । सो सम्यक संघ भोजनदान पर्वमा तत्कालिन राजा त्रिभुवन वीर विक्रम शाहदेव सहित राणा प्रधानमन्त्रि लगायत सत्र भाई राणाजीहरु र भारदारहरुको उल्लेखनिय रुपमा सामेल भएको थियो । त्यसबेला वहाँहरुले राजालाई विश्ववज्र चिन्ह राखेर ठाउँठाउँमा ग्याञ्ची बुट्टाले भरेर मखमल कपडाले सजिएको नागछत्रले सोभित सिंहासन पनि उपहार दिएको थियो । सो सिंहासन आजसम्म हनुमान ढोका संग्रहालयमा प्रदर्सित भएको उल्लेख छ (शाक्य, वि.सं.२०३७, पृ.१४६) । अर्को स्मरणिय कुरा के छ भने यसै सम्यक संघ भोजनदानको लागि यस खलकले प्रसिद्ध बौद्ध बाजा गुँलाबाजाको स्थापना गरेको थियो । गुँला एक महिनासम्म बौद्ध महाविहारहरु र चैत्य परिक्रमा गर्दा सो स्थापित गुँलाबाजा बजाएर जाने परम्पराको रुपमा आजसम्म सञ्चालन हुँदै आएको छ । त्यस्तै नै यस खलकले स्थापना गरेका पूर्वतिर अभिमुख रहेको मन्दिर सहितको चाँदिको शाक्यमुनि बुद्ध

र पूर्वतिर नै अभिमुख रहेको तीन तल्लाको कलापूर्ण बिश्वकर्मा अर्थात् मञ्जुश्रीको मन्दिर ज्यादै नै आकर्षक रहेको देखिन्छन् ।

बौद्ध संस्कृति परम्परा चलाउने कार्यमा पनि यो खलकको धेरै योगदान रहेको देखिन्छ । विशेषत यस खलकले गुँला महिनाभर यहाँका विभिन्न बाहाः र बही लगायत चैत्यहरु परिक्रमा गर्ने, बुद्ध तथा चैत्यहरुको अगाडि स्तोत्र पाठ गर्ने, नामसंगीति पाठ गर्ने एवं पञ्चदान दिने जस्ता प्रसंशनिय कार्यहरु गर्दै आएको पाईन्छ ।

### ४.६.४.३ भतुजु खलक

यस विहारको शाक्य खलकमा क्वाठण्डौ टोलमा वसोवास गर्दै आएका भतुजु खलक पनि एक हुन् । यी खलकहरु यस विहारको परिसर बाहेक काठमाण्डौ उपत्यकाका विभिन्न स्थानमा र देशका विभिन्न जिल्लाहरुमा वसोवास गरिएको देखिन्छ । यस खलकको पारिवारीक संख्या सयौंको संख्यामा रहेको देखिन्छ ।

पशुपति महाविहारमा रहेका विभिन्न बौद्ध सम्पदाहरु राख्ने क्रममा यी खलकहरुको ठूलो भूमिका रहेको देखिन्छ । त्यस्ता सम्पदाहरुमा प्रमुख सम्पदाको रुपमा एक दीपंकर बुद्धको मूर्ति रहेको पाईन्छ । स्थानिय बोलिचालिको भाषामा तधिद्यो भन्ने सो दीपंकर बुद्धको मूर्ति सम्यक महादान गरेर स्थापना गरिएको जानकारी यस विहारका सदश्यहरुले भनाई रहेको छ । त्यसैले यो खलकले आजसम्म पनि सो दीपंकर बुद्धको मूर्ति अगाडि राखेर प्रत्येक वर्ष गुँलापर्वको दिनमा सम्पन्न हुने पञ्चदान पर्वमा पञ्चदान गर्दै आउनु भएको देखिन्छ ।

त्यस्तै नै बौद्ध संस्कृति तथा परम्परा चलाउने क्रममा यस खलकले प्रत्येक वर्ष दिशिपूजा, बसून्धरा व्रत लगायत विभिन्न बौद्ध संस्कृति र पर्वहरु मनाउँदै आएको पाईन्छ । यसै अलकले पशुपति महाविहारमा प्रत्येक वर्ष याँमत (दियो बाल्ने) बाल्दै आएको पाईन्छ । त्यस्तै नै प्रत्येक वर्ष मञ्जुवर्ण महाविहारको मूल चैत्यको वार्षिक पूजा गर्दै आएको पाईन्छ ।

### ४.६.४.४ बेखाल खलक

पशुपति महाविहारको अर्को शाक्य खलकमा बेखाल टोलमा वसोवास गरेका खलक भएको हुनाले वहाँहरुलाई बेखाल खलक भनिएको देखिन्छ । बेखाल टोल परिसरमा वसोवास

गरिएका यी खलकहरु पनि सो स्थानमा बाहेक काठमाण्डौ यपत्यका लगायत विभिन्न स्थानमा वसोवास गरिएको देखिन्छ। यस खलकको पारिवारीक संख्या पनि सैयौं संख्यामा रहेको पाईन्छ।

पशुपति महाविहारमा रहेका विभिन्न बौद्ध सम्पदाहरु राख्ने क्रममा यी खलकहरुको ठूलो भूमिका रहेको देखिन्छ। त्यस्ता सम्पदाहरुमा पशुपति महाविहारको दीपंकर स्थानमा चलिआएको परमपरागत ढलक बजाएर गरिने भजनपनि यसै खलकले स्थापना गरेको देखिन्छ । तर आजकल यो भजन गर्ने परम्परा बन्द भई सकेको देखिन्छ।

बौद्ध संस्कृति तथा परम्परा चलाउने क्रममा यस खलकले पशुपति महाविहारको दीपंकर स्थानमा नियमित रुपमा नामसंगीति वाचन गर्ने गुठि स्थापना गरेर नियमित रुपले नामसंगीति वाचन गर्दै आएको थियो । तर सो परम्परालाई हाल केहि वर्षदेखि एक बज्राचार्य खलकले निरन्तरता दिंदै आएको पाईएको छ। त्यति मात्रै होईन यस खलकको सदश्य भाजुनर सहित वहाँको परिवारले १००७ मा दीपंकर तथागतको मन्दिरमा सुवर्ण पाताको छानाले छाएको कुरा अझ प्रशंसनिय छ (बज्राचार्य, वि.सं. २०६०, पृ.३०)।

बेखाल खलकले गर्दै आएका विभिन्न संस्कृति तथा परम्पराहरुमा सबभन्दा उल्लेखनिय संस्कृति पञ्चदान पर्वमा गरिने दान कार्य देखिन्छ। प्रत्येक वर्षको भाद्रकृष्ण त्रयोदसिको दिनमा सम्पन्न भई आएको नियमित पञ्चदानको दिनमा यस खलकले नेपालको बौद्ध धर्म संस्कृति तथा परम्परा अनुसार विधिपूर्वक दीपंकर देवताहरुलाई आवश्यक दान साम्ाग्रीहरु चढाई सकेपछि दान लिन आएका सम्पूर्ण शाक्य तथा बज्राचार्यहरुलाई सम्मानका साथ वहाँहरुको पादुका धोई पूजा गरेर स्वागत गरि फेरि पुष्प धूप सहितले पूजा गरेर चामल, धान र दक्षिणा लगायत खीर तथा सख्खर पानी दान गरिन्छ। यसरी बौद्ध विधि विधान तथा परम्परा अनुसार गरिने दान पर्वहरु आजकल देख्न दुर्लभ हुन थालेको देखिन्छ । तापनि यस खलकले यो परम्परालाई कायम गर्दै आएको पाईन्छ। गुथिको रुपमा स्थापित यो दान परम्परा यो बेखाल खलकका परिवारहरुले आलोपालो गरेर मनाई आएको देखिन्छ।

बेखाल खलकमा बौद्ध संस्कृतिहरु चलाएको मात्रै होईन अपितु यस खलकमा विभिन्न बौद्ध विद्वानहरु समेत रहेको देखिन्छ । यसै खलकका बौद्ध विद्वानहरुले बौद्ध धर्म तथा दर्शन अध्ययन गरेर बौद्ध आचार्य अभिषेक समेत लिएको कुरा ईतिहासले देखाएको पाईन्छ । यस

खलकका श्री ध्यान रत्न शाक्यका अनुसार वहाँहरुको पूर्खाहरुमा दुईजना दाजुभाईहरु भाजुमन र भाजुराज (भालाय्) मध्ये भाजुमनले बज्राचाभिषेक लिएको थियो । वहाँले बज्राभिषेक पूर्ण गरेको कुरा वहाँले लेखिएको एक हेरुकद्वय तन्त्रको पृष्पिका वाक्यमा उल्लेख भएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.१४०) । सो खलकले बज्राचार्य अभिषेक लिएपछि मञ्जुवर्ण महाविहार नामक विहार पनि स्थापना गरेको थियो । स्मरणिय छ सोहि मञ्जुवर्ण महाविहारका बज्राचार्य खलक मध्ये एक खलकले भक्तपुरको थाकलमाथ स्थित ल्हासापाक्व मञ्जुश्रीमा पुजारी भई बौद्ध संस्कृति तथा परम्परा चलाउँदै आएको देखिन्छ ।

# अध्याय चार

# पशुपति महाविहारको कला र वास्तुकला

## ५.१ पशुपति महाविहारको स्वरुप

पशुपति महाविहार उत्तराभिमुख रहेको देखिन्छ । यसको मूल प्रवेशद्वार उत्तरतिर रहेको र हाल त्यस द्वारको केहि अवशेष मात्रै चिन्हको रुपमा देख्न सकिन्छ । यो महाविहार भक्तपुर वर्तमानमा बाकि रहेका महाविहारमा सबैभन्दा पुरानो र संघ परम्परा राम्ररी चलि आएको देखिएतापनि यस महाविहारमा कलात्मकता त्यति सुंरक्षित भएको देखिन्दैन । त्यस्तै नै यसको वास्तुस्वरुपपनि मूल स्वरुपमा बाकि रहेको देखिन्दैन । तापनि वर्तमानमा यस महाविहारको कला र वास्तुकला निम्नानुसार रहेका छन् ।

### ५.१.१ महाविहारको चोक

यस महाविहारको चोक विहार वास्तुकलानुसार चारपाते वर्गाकारका देखिन्छन् । यसको चारैतिर पेटि बनाएर चोकमा ढुङ्गा छापीएका छन् । चोकमा जम्मा तीनवटा चैत्य स्थापना गरिएको पाईन्छन् । वर्तमानमा मूलप्रवेशद्वार देखिंदैन तापनि त्यहाँ प्रवेशद्वार रहेको थियो भन्ने प्रमाणको रुपमा त्यसको अवशेष अहिले पनि पाईन्छ (चित्र नं.१) । त्यस प्रवेशद्वारबाट भित्र प्रवेश गरेपछि अगाडि नै चारैतिर धातुको दियोहरु राखिएको एक धर्मधातु चैत्य, त्यससंगै दक्षिणतिर एक स्तम्भ चैत्य र त्यसको संगै दक्षिणतिर यस महाविहारको मूल वज्रधातु चैत्य स्थापना गरिएको पाईन्छ ।

### ५.१.२ विहारको मूल वज्रधातु चैत्य

यस महाविहारमा करिब साढे सात फीट अग्लो शिखर शैलीमा मूल चैत्य चोकको ठिक विचमा नभई क्वापाद्योको मन्दिरको ठिक अगाडितिर स्थापित भएको पाईन्छ । यो चैत्य साढेदुई फीट चारपाते उठाएर त्यसमाथि चारैतिर दिशामा सानो खोपा बनाएर दिशा अनुसारको पञ्चबुद्धहरुको मूर्ति स्थापना गरिएको पाईन्छन् । त्यसमाथि गर्भगृह र त्यसमाथि हर्मिका र त्रयोदश भूम राखिएको पाईन्छन् । यस चैत्यको चारैतिर धातुको दियोहरु पनि राखिएको पाईन्छन् । यस मूल चैत्यमा चारैतिर धातुको दियो राखिएका छन् (चित्र नं.२) । यो चैत्यसंगै

पश्चिमतिर एक शिलालेख राखिएको छ । सो शिलालेखका सबै अक्षरहरु खिईसकेको हुनाले पढ्न सक्ने अवस्था छैन । तरपनि सो शिलालेखको ढुङ्गा कडाखालको भएको र त्यसमा कुँदिएको गन्धर्वहरुको मूर्तिलाई हेर्दा उक्त शिलालेख त्यस महाविहारको स्थापनाकालको नै हुन सक्ने अनुमान गर्न सकिन्छ ।

विहारको मूल वज्रधातु चैत्यसंगै दक्षिणतिर ढुङ्गाको ठूलो क्षेत्रपाल स्थापना गरिएको छ । सो क्षेत्रपालमा उक्त विहारका संघ सदश्यहरु पिण्ड सेलाउने गरिन्छन् । त्यस्तै नै सोहि मूल वज्रधातु चैत्यको पश्चिमतिर एक धातुको यज्ञमण्डप राखिएको देखिन्छ (चित्र नं.३) । उक्त यज्ञमण्डपमा विशेषत सो महाविहारमा चूडाकर्म लगायत वज्रयानी बौद्ध संस्कार कर्म गर्दाखेरी गरिने उक्त यज्ञमण्डप काजिमान बुद्धाचार्यले ने.सं.१०६० मा राखेको उल्लेख गरिएको पाईन्छ ( चित्र नं.३) । यस्तै प्रकारले चोकको उत्तर पश्चिम कुनातिर तीनवटा सानासाना मण्डलहरु स्थापना गरिएको पाईन्छन् । सो तीनवटा मण्डलहरुको समूहलाई सीमागृह भन्छिन् जहाँ त्यस महाविहारमा प्रवजित गर्दा अर्थात् नेपालमण्डलको परम्परानुसार भिक्षु बनाउँदा पञ्चस्थविरहरुले कलशार्चन गरेर अभिषेक दिईन्छन् ।

### ५.१.२ क्वापाद्योछेँ :

यस विहारको क्वापाद्योको मन्दिर एक नाले र तीन तल्ला भई उत्तराभिमुख रहेको देखिन्छ । यो मन्दिरको लम्बाई ६७० से.मी. लामो रहेको छ । यस मन्दिरको दायाँवायाँ शीलाको तीन सिंह र धातुको दुईवटा गरी पाँचवटा सिंहको मूर्ति राखेको पाईन्छ । यस मन्दिरमा धातुपाताले मोडिएको र कलात्मक बुट्टाले भरिएको प्रवेश द्वार राखिएको पाईन्छ । यस द्वारमा धातुपाताले मोडिएको तोरण राखिएको पाईन्छ र उक्त तोरणमा विचमा अक्षोभ्य बुद्ध, दायाँतिर प्रज्ञापारमिता र वायाँतिर षडक्षरीको मूर्ति राखिएको पाईन्छ । यस द्वारको तोरणलाई सुरक्षित गर्नको लागि फलामको रेलिङ्ग राखिएको पाईन्छ । द्वारको दायाँवायाँ साना साना झ्यालहरु र दुबै भित्तामा नवग्रन्थ मध्येका “लंकावतार सूत्र”मा वर्णन गरे अनुसार राम र रावण सहित अष्टमङ्गलयुक्त चित्रहरु लेखिएको पाईन्छ (चित्र नं.४) । यस द्वारमा रहेको तोरणको अभिलेख यो तोरण ने.सं.१०३३ मा जुजुमान बुद्धाचार्यले राखिएको उल्लेख गरिएको पाईन्छ (लक, ई.सं.१९८५,

पृ.४४३, चित्र नं.५) । उक्त तोरणमा भएको अभिलेख अनुसार दाताको परिवारले उक्त क्वापाद्यो छैँ जिर्णोद्धार गरि सुवर्ण लेपित उक्त द्वारका साथै झ्याल राखिएको उल्लेख छन् (अभिलेख नं. १) । यस क्वापाद्योछैंको वायाँतिर एक खोपा बनाई टेराकोटाको गणेशको मूर्ति स्थापित गरिएको पाईन्छन् (चित्र नं.६) । तर महाकालको मूर्ति भने स्थापना गरिएको देखिन्दैन ।

### ५.१.३ क्वापाद्योकोठा

क्वापाद्यो कोठामा क्वापाद्योको रुपमा "देवता लोकेश्वर" विराजमान गरिएको पाईन्छ । उक्त क्वापाद्योलाई भविष्यव्याकरण मुद्राको बुद्ध भनेर उल्लेख गरिएको पाईन्छ (लक, ई.सं.१९८५) । यहाँको क्वापाद्यो पहिले काठको थियो । करिव तिन दशक अगाडि उक्त क्वापाद्यो चोरी भएको हुनाले यस संघका सबै सदश्यहरुबाट चन्दा उठाई हाल शीलाको साढे तीन फीटको देवता लोकेश्वर नयाँ क्वापाद्यो स्थापना गरिएको पाईन्छ । उक्त देवताको दायाँहात वरद मुद्रा र वायाँ हातले चिवरको टुप्पा समाएर महाप्रस्थान मुद्रामा उठेको अवस्थामा पाईन्छन् (चित्र नं.७) ।

क्वापाद्योलाई करिब दुई फीटको उचाईको आसनमा विराजमान गरिएको पाईन्छ । उक्त आसन पञ्चबुद्धको मूर्ति लगायत सारिपुत्र तथा मोदगल्यायन सहित महाकाल, गणेशको मूर्ति भएको काठको कलात्मक तोरणले युक्त रहेको पाईन्छ । सोहि आसनको पादपीठमा "झ्या हेरमयि सहित" भनेर उल्लेख भएको एक अभिलेख पनि पाईन्छ । यस अभिलेख अनुसार उक्त मन्दिरमा हेरमयि नामक व्यक्तिले केहि दत्त राखेको भन्ने बुझिन्छ । क्वापाद्योको दायाँवायाँ सारिपुत्र र मौदगल्यायनको दुईढुङ्गाको मूर्ति पनि स्थापित गरिएको देखिन्छ । क्वापाद्योको अगाडि एक वज्रधातु चैत्य, खिचाभू अर्थात् स्नान गराईने थाल र ज्वाला न्हायकं अर्थात् ऐना राखिएको पाईन्छ । नित्यपूजा गर्नको लागि एक घण्टापनि झुण्ड्याई रहेको पाईन्छ । क्वापाद्योको वायाँतिर पद्मपाणी बोधिसत्वको एक मूर्ति र एक शीलामूर्ति राखिएको देखिन्छ । उक्त शिलामूर्तिमा कुँदिएको गण्डर्वहरु र मुनितिरको दाताहरुको मूर्तिशैली हेर्दा उक्त विहारमा रहेका अन्य सम्पदाहरु भन्दा पुरानो रहेको देखिन्छ (चित्र नं.८) ।

क्वापाद्यो मन्दिरको पहिलो तल्लामा साधारण किसिमको तीनवटा अँखीझ्यालहरु स्थापित गरिएको पाईन्छ । बीचको झ्यालमाथि नामसंगीति (चित्र नं.९) , दायाँको झ्यालमाथि समन्तभद्र र समन्त भद्री (चित्र नं.१०) तथा वायाँ झ्यालमाथि प्रज्ञापारमीता देवी (चित्र नं.११) को चित्र लेखिएको पाईन्छ । दोश्रो तल्लामा बीचमा एक साधारण झ्यालमात्रै राखिएको देखिन्छ । सोहि झ्यालको दायाँवायाँ छवटा टुँडालहरु मध्ये चारवटा बोधिसत्वको मूर्ति कुँदिएको कलात्मक टुँडालले माथिको पाखोछानालाई थामी राखेको पाईन्छ (चित्र नं.१२ देखि १५) । सो तल्लाभन्दा माथि दुईवटा साधारण सानो झ्यालहरु राखिएका छन् । त्यहाँपनि साधारण सानासाना टुंडालले माथिको छानालाई थमाई राखेको पाईन्छ । छानाको रुपमा झिंगति छानाले छाएको पाईन्छ । यस मन्दिरमा गजूरको रुपमा स्वर्णचैत्य राखिएको पाईन्छ ।

### ५.१.४ स्तम्भ चैत्य

विहारको चोकमा एक स्तम्भ स्थापना गरिएको पाईन्छ । ढुङ्गाको स्तम्भमाथि चैत्य निर्माण गरिएको यो स्तम्भ चैत्य नेपाल मण्डलको उत्पतिसंग सम्बन्ध रहेको देखिन्छ । सोहि नेपालमण्डलको उत्पतिको आधारमा उक्त स्तम्भ निर्माण गरिएको देखिन्छ ।उक्त स्तम्भ चैत्यको निर्माण यस विहारका पश्चिम आगम खलकका वज्राचार्य भानिहर्ष सहितले ने.सं.१०२१ मा स्थापना गरिएको थियो भन्ने कुरा सोहि स्तम्भको अभिलेखबाट स्पष्ट भएको पाईन्छ (लक, ई.सं.१९८५, पृ.४४३) ।

### ५.१.५ धर्मधातु चैत्य

काठमाण्डौं उपत्यकामा परम्परागत रुपमा चैत्य निर्माण गरिंदै आएका शैलीहरु मध्ये कमलको फूलमाथि दिशानुसारको पञ्चबुद्धहरु निर्माण गरि त्यसमाथि पञ्चबुद्ध सहितको गुम्बज राखि त्यसमाथि क्रमश तोरण सहितको हर्मिका, त्रयोदश भूवन र धर्मछत्र राखि धर्मधातु चैत्यको निर्माण गरिंदै आएको देखिन्छ । सोहि शैलीमा यस महाविहारमा पनि धर्मधातु चैत्यको निर्माण गरिएको पाईन्छ । उक्त चैत्यको निर्माण वज्राचार्य पूनचन्द्रले मिति ने.सं.१०२२ मा स्थापना गरिएको थियो भन्ने कुरा सोहि धर्मधातु चैत्यमा रहेको अभिलेखबाट थाहा हुन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.१२७) । सो धर्मधातुको चारैतिर पनि धातुको दियोहरु राखिएको पाईन्छन् ।

### ५.१.६ पूर्वतिरको आगमघर

यस महाविहारको पूर्वतिर एक आगमघर रहेको छ । यो आगमघर पनि यस विहारको बज्राचार्य खलकका हुन् । यस खलकका सदश्य श्रद्धेय श्री ज्ञानरत्न बज्राचार्यका अनुसार यो आगमघरको निर्माण पुरानो आगमघरबाट छुटेर नयाँ बनाएको थियो । यस आगमघरको लम्बाई ५०० से.मी. र चौडाई ३७३ से.मी. रहेको छ । दुई नाले रहेको यो आगमघर करिब दुई कवलको मात्रै रहेको देखिन्छ । यस आगमघरमा दलाम नराखिकन साधारण एक ढोका राखेको पाईन्छ । यस आगम घरको पहिलो तल्लामा पश्चिमतिर फर्काएर एकवटा तोरण रहित साधारण आँखी झ्याल राखिएको छ । सोहि तल्लामा आगम देवता चक्रसम्वर स्थापना गरिएको बुझिन्छ । यस तल्ला भन्दा माथि एक साधारण झ्याल राखेको पाईन्छ । पहिले यसमाथि झिंगति छाना रहेको भए तापनि आजकल जस्ताको छाना राखेको पाईन्छ (चित्र नं.१६)।

### ५.१.७ पश्चितिरको आगमघर

यस महाविहारको पश्चिमतिर पनि एक आगमघर रहेको छ । वि.सं.२०७२ साल बैशाख १२ को महाभूकम्पले उक्त आगमघर पूर्ण रुपमा क्षतिग्रस्त भएर बस्न लायक भएको थिएन । उक्त आगमघर यस विहारका बज्राचार्य खलकहरुका हुन् । यस विहारका संघ आजु कीर्ति ज्योति बज्राचार्यको भनाई अनुसार यो पश्चिम आगमघर नै मूल आगमघर थियो । यस आगमघरको लम्बाई ५५५ से.मी. र चौडाई ६६३ से.मी. रहेको देखिन्छ । दुई नाले भई करिब तीन कवल रहेको यस आगमघरमा तीन कवलको खुल्ला दलाम थियो । आगमघरको बीचको भित्तामा आगममाथि जाने द्वार बनाईएको थियो (चित्र नं.१७) । सोहि द्वार संगै टाँसेको एक शिलालेखको विवरण अनुसार ने.सं. ७३४ मा हाकुदेव लगायत अरु ब्यक्ति मिलेर अष्टमी सेवा गरेर उक्त आगम देवतालाई तोरण चढाएको उल्लेख भएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२७) । उक्त आगमघर तीन तल्लाको थियो । पहिलो तल्लामा पूर्वतिर फर्काएर तीनवटा आँखी झ्याल राखि त्यसमध्ये बीचको मूल झ्यालमाथि कलात्मक तोरण रहेको थियो । सो तोरणमा बीचमा महावैरोचन बुद्ध राखिएको भएपनि समयमा त्यसको जिर्णोद्धार नगरेको हुनाले उक्त कलात्मक झ्याल पूर्ण रुपमा नष्ट भइ सकेको देखिन्छ । उक्त तल्लामा आगम देवता

चक्रसम्बर स्थापना गरिएको थियो जो वर्तमानमा संघको सदश्यहरुको आफ्नो घरमा राखिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.७) ।

## ५.२ देवननी

पशुपति महाविहारको अगाडि उत्तरतिर देवननी भनेर यस महाविहारको दिगीछैँ रहेको पाईन्छ (चित्र नं.१८) । यस देवननीलाई दीपंकर महाविहार वा अजाजु द्यो बाहाः भनेर पनि उल्लेख रहेको पाईन्छ (लक, ई.सं.१९८५, पृ.४४४) । यस ननी भित्र पस्नको लागि करिब नौ फीट अग्लो ठूलो काष्ठद्वार राखिएको पाईन्छ (चित्र नं.१९)। यस द्वारसंगै करिब तीसफीट लामो करिब छ कवल भएको पूर्वाभिमुख एक पाटी निर्माण गरिएको पाईन्छ । उक्त पाटीमा रहेको शीलालेखमा उल्लेख गरे अनुसार उक्त पाटी बेखाल टोलको भाजुनर बुद्धाचार्यले ने.सं.१००६ मा निर्माण गरिएको उल्लेख गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२८, चित्र २० र २१) ।

### ५.२.१ दीपंकर ज्ञानमाला भजन खलःको पाटी

प्रवेशद्वारको वायाँतिर वि.सं. २०१८ सालमा स्थापना भएको दीपंकर ज्ञानमाला भजन खलःको एक पाटी निर्माण गरिएको पाईन्छ । सम्वत ९७० कार्तिक शुक्द नवमीको दिन दानपति भाजुलाय बुद्धाचार्य परिवारले त्यसको संगै रहेको ढुङ्गेधारा पनि जिर्णोद्धार गरि उक्त पाटी निर्माण सम्पन्न गरि प्रतिष्ठा गरेको देखिन्छ (चित्र नं.२२)। उक्त पाटीमा वि.सं. २०१३/१४ सालतिर वर्तमान स्थविर आजु ज्ञान रत्न बज्राचार्य सहित श्रद्धालुजनहरुले स्थापना गरिएको नामसंगीति देवता र दुईजना ताराहरु राखिएकोमा हाल प्रदीप बज्राचार्यको निजी घरमा राखिएको पाईन्छ । उक्त पाटीमा अहिले दीपंकर ज्ञानमाला भजन खलःले दैनिक रुपमा भजन सञ्चालन गर्दै आएको पाईन्छ । साथै उक्त पाटीमा वि.सं.२०३३ रालतिर दाता नातीी शाक्यले दीपंकर ज्ञानमाला भजन खलःको आर्थिक सहायता हुने गरि यस भजन खलःले रेखदेख गर्ने गरि करिब ३ फीटको करुणामयको मूर्ति स्थापना गरि राखिएको पाईन्छ । उक्त पाटी जिर्ण भएको कारणले वि.सं. २०६५ सालमा रु. २९३६६६।– को लागतमा उक्त दीपंकर ज्ञानमाला भजन खलःले श्रद्धालुहरुको आर्थिक सहयोगमा जिर्णेद्धार गरिएको थियो (चित्र नं.२३) ।

### ५.२.२ चैत्यहरु, बज्रधातुमण्डल र अभिलेखहरु

देवननीमा जम्मा पाँचवटा विभिन्न चैत्यहरु स्थापना गरिएको पाईन्छ । ती चैत्यहरुमा नेपालमण्डलको उत्पतिको कथासंग मेल खाने करिब पाँच फूटको कलापूर्ण दीपदानीको रुपमा

प्रयोग भई आएको एक स्तम्भ चैत्य (चित्र नं.२४) स्थापना गरिएको पाईन्छ । उक्त स्तम्भ चैत्य स्वयम्भू महाचैत्य उत्पतिको वर्णनानुसार सिर्जना गरिएको चैत्य शैली देखिन्छ ।स्वयम्भू पुराण अनुसार प्रागऐतिहासिक कालमा यो काठमाण्डौं उपत्यका एक ठूलो दहको रुपमा रहेको थियो । त्यसपछि सत्ययुगमा विपश्वी बुद्ध आएर सो दहमा एक कमलको बीज रोपेर जानु भएको थियो । सोहि बीजबाट अंकुरित भएर दहको बीचमा कमलको दाँठ माथि आई त्यसमा सहश्रदल सहितको कमलको फूल फूलेर त्यसमा ज्योतिरुप स्वयम्भू ज्योतिरुप उत्पन्न भएकोमा कालान्तरमा सोहि ज्योतिरुपलाई शान्तिराचार्यले छोपि त्यसमाथि धर्मधातु चैत्य निर्माण गरिएको थियो । सोहि घटनानुसार दहमा उत्पन्न भएको कमलको दाँठको प्रतिकको रुपमा स्तम्भ निर्माण गरेर त्यसमाथि कमल बनाएर त्यसमाथि चैत्य बनाउने चलन नेपाल मण्डलमा चलि आएको पाईन्छ ।

त्यस्तै नै पञ्चबुद्धको मूर्ति मात्रै राखिएको दुईवटा बज्रधातु चैत्य (चित्र नं.२५ र २६), एकवटा पञ्चबुद्ध र ताराहरु सहितको बज्रधातु चैत्य (चित्र नं.२७) र एकवटा चार बोधिसत्वको मूर्ति समेत भएको बज्रधातु चैत्य छन् (चित्र नं.२८) । त्यस्तै नै चारैतिर अभिलेख कुंडिएको तर ती अभिलेख पढ्न सक्ने अवस्था नभएको मल्लकालीन एक बज्रधातुमण्डल पनि रहेको पाईन्छ । त्यस्तै नै ननी परिसरमा चैत्य स्थापना सम्बन्धि तीनवटा शीलालेखहरु पनि राखिएको पाईन्छ । त्यसमध्ये सबैभन्दा पुरानो शीलालेख सम्बत ७५० को लक्ष चैत्य स्थापना गरिएको चर्चा गरिएको पाईन्छ (शाक्य, वि.सं. २०५६, पृ.१८, चित्र नं.२९) । त्यसपछि सम्बत ९४४ मा चैत्यको चित्र कुँदिएको शिलालेख छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२८, चित्र नं.३०) भने अर्को शीलालेख सम्बत ९९२ मा श्री राजमान सिं बज्राचार्य परिवारले चैत्य स्थापना विषयको उल्लेख गरिएको पाईन्छ (शाक्य, वि.सं. २०५६, पृ.१९, चित्र नं.३१) ।

### ५.२.३ गणेश मन्दिर

देवननीको पश्चिमतिर करिब १२ फीट अग्लो दक्षिणभिमुख शिखर शैलीको एक गणेशको मन्दिर निर्माण गरिएको पाईन्छ (चित्र नं.३२) । सो मन्दिरको पूर्व र पश्चिमतिर दुईवटा शीलाको महाकाल मूर्तिहरु पनि राखिएको छ । त्यस मन्दिरमा करिब साढे एक फूटको गणेशको मूर्ति राखिएको पाईन्छ ।

### ५.२.४ उमामहेश्वर

देवननीको पश्चिमतिर करिब ४ फीट अग्लो पूर्वतिर अभिमुख गराई राखिएको शिव परिवार सहितो एक उमामहेश्रको मूर्ति फलक राखिएको पाईन्छ। उक्त मूर्ति फलकमा बीचमा शीव र पार्वती सुखासनमा बसेको मूर्ति र त्यसको चारैतिर विभिन्न अन्य मूर्तिहरु पनि राखिएको पाईन्छन्। उक्त मूर्ति फलक निलो ढुङ्गा भई लिच्छविकालीन कलाको त्यसमा विशेषता रहेको देखिन्छ (चित्र नं.३३)।

### ५.२.५ नामसंगीति, बज्रसत्व र ताराका मूर्तिहरु

यस ननीमा भएका प्रमुख सम्पदाहरुमा नामसंगीतिको मूर्ति पनि एक रहेको देखिन्छ। आसन समेट गरि करिब ६ फीट अग्लो बाह्र हात भएको सो मूर्ति सिमेन्टबाट निर्माण गरिएको देखिन्छ। यस महाविहारका दशस्थविर आजुहरु मध्ये दोश्रो आजु कीर्ति ज्योति बज्राचार्यले दिएको जानकारी अनुसार उक्त मूर्ति वर्तमान मूल स्थविर आजुको सकृयतामा वि.सं. २०१३/०१४ सालतिर सबै श्रद्धालुहरुको सहयोगमा उक्त नामसंगीति मूर्ति स्थापना गरिएको थियो। हाल त्यस मूर्तिको दायाँ वायाँ आर्यतारा र हरियोतार दुईवटा ताराका मूर्तिहरुपनि राखिएको पाईन्छन्। सोहि देवननीमा दीपंकर ज्ञानमालाको आयोजनामा बौद्ध जातक र अवदान कथाहरु सुनाउन लगाएको समापन गरिएको अवसरमा काठमाण्डौंको धर्मभाणक महापण्डित स्व. बद्री रत्न बज्राचार्यले वि.सं. २०३१ सालमा ती नामसंगीति र ताराहरुको मूर्ति सामुन्ने सीमेन्टको कूटागार बनाई करिब साढे एक फूटको ढुङ्गाको बज्रसत्व मूर्ति स्थापना गरिएको पाईन्छ (चित्र नं.३४)।

### ५.२.६ दिगी छेँ र दीपंकर बुद्ध

पशुपति महाविहारको संघमा मूल स्थविरको व्यवस्था भएको देखिन्छ। यस महाविहारको परम्परानुसार संघको मूल स्थविर आफ्नो घर छोडेर सोहि महाविहारमा बस्नु पर्ने नियम रहि आएको देखिन्छ। त्यसैले वहाँ मूल महास्थविर बस्नको लागि नै उक्त दिगी छेँ निर्माण गरिएको देखिन्छ। त्यसका साथै यस महाविहारका संघहरुले दिवाली पूजा, सांघिक भेलाका साथै विभिन्न पर्व पूजाहरुआदि सम्पूर्ण सांघिक कार्यहरु पनि यसै दिगीछेँमा सम्पन्न गरिन्छ। यसका साथै यस

दिगी छेँलाई उक्त महाविहारमा स्थापना गरिएको दीपंकर बुद्ध राखिने मन्दिरको रुपमा बनिएको पाईन्छ ।

यस महाविहारको दीपंकर बुद्धको मूर्ति माटोबाट निर्माण गरि रातो रंगले पोतिएको ध्यानमुद्राको रुपमा झुकिएको करिब पाँच फूट अग्लो देखिन्छ । यस मूर्तिको दायाँ हात अभय मुद्रा र वायाँ हातले चिवर समाएको पाईन्छ । यस मूर्तिलाई अनेक प्रकारको परम्परागत आभूषण लगाई राखेको पाईन्छन् । प्रत्येक वर्षको पञ्चदान पर्वमा भक्तपुर नगर परिक्रमा गरि जात्रा गर्ने र प्रत्येक वर्षको माघ १ गते भक्तपुरको जयकीर्ति महाविहार थथुबहीमा सम्पन्न गरिने सम्यक् महादानमा सहभागि गर्ने गरि वर्षमा दुई पटक यस महाविहारबाट बाहिर लगिने गरिन्छ (चित्र नं.३५) ।

उपरोक्त दिगी छेँ दक्षिणाभिमुख, दुई नाले, पाँचकवलको पाँछ तल्ला रहेको पाईन्छ । यस दिगी छेँको भूमितल्लामा पश्चिमाभिमुख गरि दीपंकर बुद्धको मूर्ति राख्नको लागि कोठा बनाइएको पाईन्छ । उक्त कोठामा धातुपातामा सुनको मोलम्बा युक्त तोरण सहितको सिंहासनमा पञ्चबुद्धको मूर्तिहरु, महाकाल, गणेश लगायत दाताहरु सहितको मूति कुँदिएको छ । माथितिर बज्रसत्वको मूर्ति कुँदिएको सुनको मोलम्बा लगाएको कलायुक्त चँदुवा सहित दीपंकर बुद्ध विराजमान गराइएको पाईन्छ । यस कोठामा प्रवेश गर्नको लागि धातुपातामा सुनको मोलम्बायुक्त धातुपाताको तीनवटा प्रवेशद्वारहरु पनि तोरण सहितको कलात्मक रहेको पाईन्छ ( चित्र नं.३६) । ती तिन तोरणहरु मध्ये बीचको तोरणमा बुद्ध, धर्म र संघको प्रतीक मानिने अक्षोभ्य, प्रज्ञापारमिता र षडक्षरीको मूर्ति भएको तोरण र दायाँवायाँको दुईवटा तोरणमा बीचमा शाक्यमुति बुद्ध र त्यसको वरिपरि शारिपुत्र र मौदगल्यानको मूर्ति भएको तोरणहरु राखिएको पाईन्छ । सो कोठाको चारैतिर दिवंगत काजिमानको स्मृतिमा माणे र दियोहरु राखिएको पाईन्छ । त्यस कोठासंगै करिब चार फूट अग्लो ढलोटको नारी मूर्ति (चित्र नं.३७), मण्डलपाता तिनवटा र ने.सं.१०६० मा काजिमानले राखिएको एक यज्ञशाला पनि राखिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२९) । यस दिगी छेँमाथि जाने ढोकामाथि ने.सं. ७७८ मा राखिएको मारविजयको एक काष्ठतोरण र शेरको अनुहार पनि राखिएको पाईन्छ (चित्र नं.३८) । त्यस संगैको कुनामा वि.सं.२०३७ सालमा भिक्षु चैत्यराजले राखिएको ६ फीटको एक ठूलो माणे पनि राखिएको

पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२९, चित्र नं.३९) । दिगीछेँको उत्तरतिर बारीमा निस्कने दुईवटा ढोकामाथि पनि क्षेपु सहितको दुईवटा सामान्य तोरण राखिएको पाईन्छ । ती मध्ये पञ्चबुद्ध भएको एउटा तोरण ने.सं.९९३ मा दाता भाजुनर बुद्धाचार्यले राखिएको उल्लेख गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२९, चित्र नं.४०) ।

### ५.२.७ कुमारी घर

देवननीको दक्षिणतिर उत्तराभिमुख गरि दुई नाले तीन तल्लाको कुमारी घर बनाइ राखेको पाईन्छ । उक्त कुमारी घर ने.सं.६५३ मा राजा राय मल्लको पालामा बनाएको थियो । सो घरलाई वि.सं.१९९० सालको महाभूकम्पले भत्काएपछि वर्तमानको उक्त घर वि.सं.२०१९ सालमा बनाइएको चर्चा गरिएको पाईन्छ (बज्राचार्य, वि.सं. २०६०, पृ.२८, चित्र नं.४१) ।

कुमारी घरमा प्रवेश गर्न भगवती दुर्गाको मूर्ति कुँदिएको कलात्मक तोरण सहितको द्वार बनाइएको पाईन्छ । यस घरको भूमि तल्लामा कुमारी राख्ने दलान राखिएको पाईन्छ जहाँ दशैंको समयमा घटस्थापनादेखि दशमीसम्म घक्तजनहरुलाई दरशनार्थ राखिन्छ । त्यसमाथि विभिन्न कोठाहरुका साथै आगमघरपनि छन् । त्यसभन्दा माथि दशैताका भोज गराइने ठाउँ बनाइएको पाईन्छ । यस कुमारी घरमा जस्ताको छाना राखिएको पाईन्छ ।

### ५.२.८ विविध सम्पदाहरु

देवननी परिसरमा उपरोक्त सम्पदाहरु बाहेक अन्य विविध सम्पदाहरु पनि पाईन्छन् । त्यस्ता सम्पदाहरुमा ननीको पश्चिमतिरको निजी घरको भित्तामा पूर्वतिर अभिमुख गरेर करिब एक फूटको मञ्जुश्री राखिएको पाईन्छ । त्यस्तै नै अन्य सम्पदाहरुमा चारवटा महाकालका मूर्तिहरु रहेका छन् । त्यसमध्ये मञ्जुश्री मूर्तिसंगै दक्षिणतिर फर्काएर एक फूट साईजकै दुई महाकालका मूर्तिहरु राखिएको पाईन्छन् भने गणेशकोमन्दिरमा पूर्वतिरको पाटामा एकवटा र पश्चिमको पाटामा एकवटा गरि दुईवटा महाकालको मूर्ति राखिएको पाईन्छ । देवननीको बीचमा त्यहाँ गरिने पूजाहरु सबै राखिने अर्को सम्पदा एक क्षेत्रपाल रहेको पाईन्छ । त्यस्तै नै अर्को सम्पदा ने.सं.७६५ मा निर्मित इनार रहेको छ (चित्र नं.४२) भने दिगीछेँमा दुईवटा सिंहहरु राखिएको पाईन्छन् ।

# अध्याय छ

# उपसंहार

भक्तपुर नगरपालिका जिवित सांस्कृतिक सम्पदा सम्पन्न नगरको रुपमा चिनिन्छ । ऐतिहासिक र पुरातात्विक दृष्टिकोणले पनि धेरै महत्वपूर्ण र नेपालको रोम शहर भनेर पनि भनिने यस नगरभित्र विभिन्न सम्पदाहरु रहेको पाईन्छन् । त्यस्ता सम्पदाहरुमा नेपाल कै प्राचिन विहारहरु मध्ये नगरकोट एरियामा वागहिति स्थानमा उद्योतकारव्य विहार रहेको पाईन्छ भने भक्तपुरको च्याम्हसिंह क्षेत्रको वाचुहितिमा शाक्यभिक्षु सोमनाथले भिक्षुणीसंघहरुलाई भोजनको लागि दत्त राखिएको लिच्छविकालिन अभिलेख पाईएको छ भने हालसालै मात्रै चांगुको दक्षिण भेगमा रहेको झौखेलमा लिच्छविकालिन स्तुप पाइएको देख्न सकिन्छ ।

भक्तपुर नगरमा विहारहरुको संख्या पच्चिस वटा रहेकोमा केहि अभिलेखमा मात्रै सिमित रहेका विहारहरुको संख्या आठ वटा रहेको पाईन्छन् । यस उसले हालसम्म विहारहरुको भौतिक सम्पदा र संघ परम्परा समेट बाकि रहेका विहारहरु वर्तमान समयमा यस नगरभित्र ११ वटा बहालहरु र ५ वटा बहील रहेका छन् ।

बौद्ध परम्परामा विहार शव्द शाक्यमुनि बुद्धको धर्मचक्र प्रवर्तन पछिका धेरै अनुयायीहरु वृद्धि हुँदै गए पश्चात राजगृहका एक श्रेष्ठीले तिनिहरुको वसोवास गर्ने स्थल बनाइ भिक्षुसंघलाई दान गर्ने ईच्छाको प्रस्तावलाई बुद्धले पाँच प्रकारका निवास स्थानहरु अनुमति प्रदान गर्नु भएको थियो । यसरी बुद्धको समयमा वहाँका अनुयायीहरुको वसोवासको रुपमा निर्माण शुरु भएको देखिन्छ ।

शाक्यमुनि बुद्धको जन्म भूमि नेपालमा वहाँको जीवन कालमा नै कपिलवस्तुका शाक्यहरुले विहार बनाई दान दिनु भएकोमा घटाय शाक्यले दान दिएको विहार कालखेमकाराम थिए भने राजा सुद्धोदनले दान दिएको विहार न्यग्रोधाराम थिए । त्यसपछि सम्राट अशोकले पनि लुम्बिनी र कपिलवस्तु क्षेत्रमा अनेक विहार बनाएको अनुमान हुन्छ । किनकि चीनिया यात्री फाहियान र युआनच्वाङ्गले वर्तमान नेपालको कपिलवस्तु नगरको सुद्धोदन राजाको राजप्रासाद भग्नावशेष क्षेत्रमा राजाको मूर्ति सहितको एक विहार देखेको थियो ।

नेपालको वंशावली अनुसार काठमाण्डौं उपत्यकामा किरातकालमा सम्राट अशोक आफै यहाँ आई बौद्धधर्म प्रचार गरेको र वहाँले आफ्नो छोरी चारुमतिको विवाह यहाँका देवपालसंग गरी अन्तमा विहार बनाई भिक्षुणी भएको चर्चा छ । त्यस्तै नै लिच्छविकालमा प्रसिद्ध विहारहरु सिनगु विहार,  गुँविहार र मानविहार लगायत राजविहार र खजुरिका विहार आदि प्रमुख विहारहरु र्निाण गरिएका थिए । । त्यस्ता विहारहरुमा ठूला विहार र सामान्य विहारका रुपमा थिए । ठूला विहारहरुको स्वरुप र कार्यपनि ठूलो नै हुन्थ्यो । त्यस्ता ठूला विहारहरुमा विशेष गरेर चारैतिरबाट आउने भिक्षु तथा भिक्षुणीहरु वास बस्ने गर्थ्यो । ती प्रत्येक विहारमा एक मूल गन्धकूटि बनाएको हुन्थ्यो । विहारहरु चारैतिर पर्खाले घेरिएका हुन्थ्यो । यसका अलावा विहारको वास्तु स्वरुप र विहारमा के कस्ता कार्यहरु हुन्थ्यो भन्ने कुरा स्पष्ट छैन । तर सानो विहारको स्वरुप भन्ने स्पष्ट नभएको देखिन्छ ।

नेपालमा लामो समयसम्म शासन गर्ने मल्लहरुको समयमा वर्तमान समयमा नेपालमण्डलमा रहेका अधिकांश विहारहरु निर्माण भएको देखिन्छ । सो कालमा निर्मित विहारहरु बौद्धतन्त्र ग्रन्थ वज्रधातु मण्डलमा आधारित गरि निर्माण गरिएको देखिन्छ । मल्लकालमा बनेका विहारहरु अर्थात् बाहा र बही दुबै चतुशाला पद्धतिमा निर्माण भएको पाईन्छ ।

प्राचिन महाविहारको पमा रहेको यस महाविहारलाई बुढापाकाहरु आजसम्म पनि पशु बाहाः भनेर भन्ने यो महाविहारलाई आजकल प्रशन्नशील महाविहारको नामले उपत्यकामा प्रसिद्ध भएको देखिन्छ । यस विहारको स्थापनाकालिन कुनै अभिलेख अहिले सम्म प्राप्त भएको देखिन्दैन । तर पनि हाल नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको भुवनाकर भन्ने व्यक्तिले ने.सं.१९८ मा लेखाएको बोधिचर्यावतार नामक एक प्रसिद्ध बौद्ध ग्रन्थको पुष्पिका वाक्यमा उल्लेख गरिए अनुसार वहाँले पशुपति महाविहार र धर्मकीर्ति महाविहार नामक दुई विहारहरु निर्माण गरिएको उल्लेख छ । तापनि पशुपति महाविहारको नाम सम्बोधन गर्दा विहारको दाताको समेत नाम जोडेर सम्बोधन गर्ने क्रममा विगत पाँचसय वर्ष अगाडिका सबभन्दा पुरानो यो विहारमा सुरक्षित रहेको भुजिंमोल लिपिमा लेखिएको ने.सं. ५२७ को एक तमसुक पत्र र ने.सं. ६६८ को भुजिंमोल लिपिमा लेखिएको हिरण्यवर्ण महाविहारका दानपति कसराज भारोले आयोजना गरेको सम्यक महाभोजनको निमन्त्रणा पत्रमा यो महाविहारलाई सम्बोधन गर्ने क्रममा "भूवनाकर संस्कारित पशुपति महाविहार" भनेर उल्लेख गरिएको पाईन्छ ।

यो महाविहारको प्राचिन र संस्कृत नाम पशुपति महाविहार छँदाछँदै कालान्तरमा यसै विहारलाई प्रसन्नशील महाविहार भनेर दीपंकर बुद्ध बस्नु हुने विहारको नाम भनेर उल्लेख गरिएको देखिन्छ । यस मिहाविहारमा नियमित रुपले विभिन्न पूजाहरु संचालन गरिँदै आएको देखिन्छ । त्यस्ता पूजाहरुमा दैनिक नित्यपूजा, देवालीपूजा, “यँद्यापून्हिको नायोगू” भनेर अर्थात् नायकगोष्ठि, वालीगुठि पूजा का साथै भाद्र कृष्ण त्रयोदशीको दिनमा पञ्चदान दान जात्रा , प्रत्येक वर्षको माघे सक्रान्तीको दिनमा श्री जयकीर्ति महाबिहार थथुबहीमा नियमीत सम्यक संघ भोजनदान पर्व र यस महाविहारमा ने.सं.६५३ सालमा कुमारीको घर निर्माण गरि प्रत्येक वर्ष दशैमा घटस्थापना भन्दा केहि दिन अगाडि कुमारी घरमा एकान्त कुमारी ्गायत गण कुमारीहरुको जात्रा हुँदै आएको छ ।

नेपाल मण्डलको बौद्ध परम्परा अनुसार यहाँपनि प्रवजित भएका बज्राचार्य र शाक्य खलकहरुको संयुक्त संघको रुपमा बज्राचार्य संघ, बुद्धाचार्य संघ र शाक्यभिक्षु संघ रहेका छन् ।

यस महाविहारको कला र वास्तुकला अनुसार चारपाते वर्गाकारका चारैतिर पेटि बनाएर चोकमा ढुङ्गा छापीएका छन् । चोकमा जम्मा तीनवटा चैत्य स्थापना गरिएको पाईन्छन् । प्रवेशद्वारबाट भित्र प्रवेश गरेपछि एक धर्मधातु चैत्य, त्यससंगै दक्षिणतिर एक स्तम्भ चैत्य र त्यसको संगै दक्षिणतिर यस महाविहारको मूल वज्रधातु चैत्य स्थापना गरिएको पाईन्छ । यस विहारको क्वापाद्योको मन्दिर एक नाले र तीन तल्ला भई उत्तराभिमुख रहेको र लम्बाई ६७० से.मी. लामो रहेको छ । यस मन्दिरको दायाँवायाँ शीलाको तीन सिंह र धातुको दुईवटा गरी पाँचवटा सिंहको मूर्ति राखेको छ भने धातुपाताले मोडिएको र कलात्मक बुट्टाले भरिएको तोरण सहितको दुबै भित्तामा नवग्रन्थ मध्येका “लंकावतार सूत्र”मा वर्णन गरे अनुसार राम र रावण सहित अष्टमङ्गलयुक्त चित्रहरु लेखिएको पाईन्छ । क्वापाद्यो कोठामा क्वापाद्योको रुपमा “देवता लोकेश्वर” विराजमान गरिएको पाईन्छ ।

क्वापाद्यो मन्दिरको पहिलो तल्लामा साधारण किसिमको तीनवटा अँखीझ्यालहरु र बीचको झ्यालमाथि नामसंगीति, समन्तभद्र र समन्त भद्री तथा प्रज्ञापारमीता देवीको चित्र लेखिएको पाईन्छ । दोश्रो तल्लामा बीचमा एक साधारण झ्यालमात्रै राखि छ वटा टुँडालहरु मध्ये चारवटा बोधिसत्वको मूर्ति कुँदिएको कलात्मक टुँडालले माथिको पाखोछानालाई थामी राखेर गजूरको रुपमा स्वर्णचैत्य राखिएको पाईन्छ ।

पशुपति महाविहारको अगाडि उत्तरतिर देवननी भनेर यस महाविहारको दिगीछैं रहेको पाईन्छ । दीपंकर महाविहार वा अजाजु द्यो बाहाः भनेर पनि उल्लेख रहेको यस ननी भित्र सम्वत ९७० कार्तिक शुक्द नवमीको दिन दानपति भाजुलाय बुद्धाचार्य परिवारले निर्माण सम्पन्न गरेको पाटी, र वि.सं.२०३३ रालतिर दाता नाताी शाक्यले दीपंकर ज्ञानमाला भजन खलःको आर्थिक सहायता हुने गरि यस भजन खलःले रेखदेख गर्ने गरि करिब ३ फीटको करुणामयको मूर्ति स्थापना गरि राखिएको पाईन्छ । सो ननीमा जम्मा पाँचवटा विभिन्न चैत्यहरु स्थापना गरिएको पाईन्छ । करिब १२ फीट अग्लो दक्षिणभिमुख शिखर शैलीको एक गणेशको मन्दिर, करिब ३ फीट अग्लो उमामहेश्रको मूर्ति फलक, नामसंगीतिको मूर्ति, बज्रसत्व मूर्ति लगायत पशुपति महाविहारको मूल स्थविरको आवास स्थल दक्षिणाभिमुख, दुई नाले, पाँचकवलको पाँछ तल्ला रहेको दिगिछैं रकेको पाईन्छ । यस दिगी छैंको भूमितल्लामा पश्चिमाभिमुख गरि दीपंकर बुद्धको मूर्ति राख्नको लागि कोठा बनाइएको पाईन्छ । त्यस्तै नै देवननीको दक्षिणतिर उत्तराभिमुख गरि दुई नाले तीन तल्लाको कुमारी घर बनाइ राखेको पाईन्छ । उक्त कुमारी घर ने.सं.६५३ मा राजा राय मल्लको पालामा बनाएको थियो । सो घरलाई वि.सं.१९९० सालको महाभूकम्पले भत्काएपछि वर्तमानको उक्त घर वि.सं.२०१९ सालमा बनाइएको चर्चा गरिएको पाईन्छ ।

भक्तपुरको वर्तमानमा रहेको सर्व प्राचिन यस महाविहारको उचित संरक्षणको अभावमा यहाँका सम्पदाहरु दिन प्रतिदिन नष्ट हुँदै गएको देखिएकोले त्यसको सुरक्षार्थ सम्बन्धित संघमा जागरण आउनु अति नै आवश्यक देखिन्छ । यसको लागि संघ सदश्यहरुमा जागरण हुनु आवश्यक देखिन्छ । त्यस्तै नै बौद्ध संघ संस्थाले पनि यसको लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ । यस महाविहारको प्रसिद्धि तिब्बत देखि कश्मीर लद्दाख आदि क्षेत्रमा भएपनि त्यसबाहेक अन्य देशहरुमा प्रचार प्रसार भएको देखिन्दैन । त्यसैले सम्बन्धित निकायले प्रचार प्रसार गरिनु पर्ने देखिन्छ ।

यस महाविहारको चल अचल सम्पतिको सुरक्षा गरि भावि पुस्तालाई हस्तान्तरण गरि उनिहरुलाईपनि जागरुक गराउनको लागि अभिलेखीकरण गर्नु पर्ने देखिन्छ । अन्यथा उचित संरक्षण सम्बर्द्धनको अभावमा यो महाविहार ईतिहासबाट अस्तित्व मेटिन जाने देखिन्छ ।

# सन्दर्भ ग्रन्थसूचि


१. बज्राचार्य, आशाकाजी, (वि.सं.२०२५), *सर्वानन्द नृप जातक,* ललितपुर : हर्षज्योति शाक्य ।

२. वज्राचार्य, भद्र रत्न , (वि.सं.२०६०), *ख्वपया बाहा बही ,* भक्तपुर : मैत्रेय युवा संघ ।

३. बज्राचार्य, नरेश मान (सं.), वि.सं.२०४७,*वास्तुपूजा सूत्रपाटन विधि,* काठमाण्डौं : गणेश मान मानन्धर ।

४. बज्राचार्य, प्रकाश , (वि.सं.२०५३), *बौद्ध दर्पण,* काडमाण्डौ : बुद्ध जयन्ति समारोह समिति ।

५. बज्राचार्य, मञ्जुवज्र, वि.सं.२०५७ *जिगु खँ जिं स्युगु खँ,* थिमि : मञ्जुवज्र बज्राचार्य ।

६. बज्राचार्य, सम्यक रत्न, वि.सं.२०२६ *ख्विपदेया बहा बही,* ख्वप : धर्म पासापिं ।

७. भि.अमृतानन्द, (ई.सं.१९७९), *बुद्धकालिन गृहस्थिहरु (भाग३),* काडमाण्डौ : आनन्दकुटी विहार गुठी ।

८. मल्ल, कमल प्रकाश, धनबज्र बज्राचार्य(सं.), (वि.सं.२०४४), *गोपालराज वंशावली,* काठमाण्डौं : राष्ट्रिय अभिलेखालय ।

९. *मेचिदेखि महाकालि* (भाग २), (वि.सं. २०३१), काठमाण्डौ : श्री ५ को सरकार संञ्चार मन्त्रालय, सूचना विभाग ।

१०. राजवंशी, शंकरमान (सं.), (वि.सं.२०४४), *भूमि सम्बन्धि तमसूक, ताडपत्र (भाग ४)* काठमाण्डौं : राष्ट्रिय अभिलेखालय ।

११. लक, जोन के., (ई.सं.१९८५), *बुद्धिष्ट मोनाष्ट्रिज अफ् नेपाल,* काठमाण्डौ : सहयोगी प्रेस प्रा.लि. ।

१२. शाक्य, पद्मसुन्दर,(वि.सं.२०४५चैत्र ५),*थाकलमाथको लिच्छविकालिन अभिलेख,* गोरखापत्र ।

१३. शाक्य, सुरेश ज्योति, (वि.सं.२०५६),*ख्वपदेया विहार बहीया जात:;* भक्तपुर : कुत पिकाक: ।

१४. शाक्य, हेमराज, (ने.सं. ११००/वि.सं.२०३७), *सम्यक महादान गुठी,* काठमाण्डौ : जगतधर तुलाधर, ।

१५. सम्यूअल बील, सत्य जीवन वर्मा (हिन्दी अनुवादक), (ई.सं.१९४२), *चीनीयात्री सुयेन-च्वाँग,* प्रयाग : शारदा प्रेस ।

# अनुसूचि क

अभिलेख नं.१

क्वाचपाल देवताको प्रवेशद्वारतोरण अभिलेख

श्री ३ दे व ता लो के श्व र स हा य न म । श्री ब सु न्ध रा दे वी स हा य न म । – – – – दा न प ति – – – – भ ग ता पु र म हा न ग र – – – – व स्थि त – – – – – – – – – भा र्य्या मा न कु – – – – – – – – – – – – – दु ति य पु त्र रु धि म तिःतृ ति य पु त्र – – न मां – – र त्नः त्रि वि स र क्षि मिः पौ त्र दा न मांः त्रि सा नु मा याः पौ त्र न्हु छे मांः हे – का जि न व र त्न प न ज्ञा न र त्न च न्द मांः पौ त्रि दा न मा या र त्न मा या थु लि ज ल भो छि स या ध र्म्म चि त उ प ति जु या ओ श्री ३ दे व ता लो के श्व र या ग्रि हे जि न उ धा र या ना सु व र्न ले पि त ध्वा का झ्या ल था प ना प्रि ति जु ल स्क (स्वत्) १०३३